# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) धनगढी, नेपाल, भाद्र २३ गते, २०७९ साल (अतिरिक्ताङ्क १०

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७९ सालको ऐन नं. ९**

**सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**



**प्रस्तावनाः** सर्वसाधारण नागरिकलाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बिमा व्यवस्था गर्न तथा सवारी साधन कर सम्बन्धी प्रणालीलाई कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था सेवा कार्यालय र यस ऐन अन्तर्गत कार्यालयका प्रमुख सम्झनु पर्छ।

(ख) "कर" भन्नाले प्रचलित कानुन बमोजिमको सवारी साधन कर सम्झनु पर्छ ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानुन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था सेवा कार्यालय र यस ऐन अन्तर्गतका अन्य कार्यालयलाई जनाउँछ ।

(ङ) "कुटनीतिक सुविधा प्राप्त सवारी" भन्नाले दफा १६ बमोजिमको सवारी सम्झनु पर्छ ।

(च) "गैरव्यावसायिक सवारी" भन्नाले दफा १३ बमोजिमको सवारी सम्झनु पर्छ ।

(छ) "छोटो मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर देखि एकसय किलोमिटर दुरी सम्मको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ ।

(ज) "जाँचपास" भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ ।

(झ) "ट्राफिक सङ्केत" भन्नाले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना, संकेत वा इशारा सम्झनु पर्छ र सो शव्दले प्रहरी वा एक सवारी चालकले अर्को सवारी चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा समेतलाई जनाउँछ ।





(ञ) "ठुला सवारी" भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "नम्बर प्लेट" भन्नाले सवारी साधनको अगाडि र पछाडि राखिने नम्बर प्लेट वा इम्बोस्ड नम्बर प्लेट सम्झनु पर्छ ।

(ड) "पर्यटक सवारी" भन्नाले दफा १२ बमोजिमको सवारी सम्झनु पर्छ ।

(ढ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ण) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनी, धुवाँ तथा अन्य प्रदूषण सम्झनु पर्छ ।

(त) "परिचालक" भन्नाले दफा ७१ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति र सो शब्दले सवारीमा काम गर्ने सहयोगी समेतलाई जनाउँछ ।

(थ) "परीक्षा समिति" भन्नाले दफा १७६ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(द) “प्रशिक्षण केन्द्र” भन्नाले दफा १७७ बमोजिमको मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ ।

(ध) “पार्किङ स्थल” भन्नाले सवारी राख्न निर्धारण गरेको स्थल सम्झनु पर्छ ।

(न) “बिसौनी” भन्नाले यात्रीबाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लन निर्धारण गरिएको स्थल सम्झनु पर्छ ।

(प) “बिमा” भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सवारीमा काम गर्ने कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारीधनी वा व्यवस्थापकले गर्नु पर्ने बिमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने समग्र (कम्प्रिहेन्सिभ) बिमालाई समेत जनाउँछ ।

(फ) “भाडा” भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ ।

(ब) “मन्त्रालय” भन्नाले यातायात व्यवस्था हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(भ) “मझौला सवारी” भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ ।

(म) “मध्यम मार्ग” भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटरभन्दा बढी दुईसय पचास





किलोमिटरभन्दा कम दुरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ ।

(य) “मार्ग इजाजतपत्र” भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ८६ बमोजिम प्राप्त इजाजतपत्र सम्झनु पर्छ ।

(र) “मार्ग” भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनु पर्छ ।

(ल) “मालबाहक सवारी” भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(व) “मालसामान” भन्नाले व्यक्ति बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी वा कुनै निर्जीव वस्तु सम्झनु पर्छ ।

(श) “यात्री” भन्नाले सार्वजनिक सवारीमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ष) “यात्रीबाहक सवारी” भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(स) “यातायात सेवा” भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ ।

(ह) "यात्री गुण्टा" भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ ।

(क्ष) "यातायात व्यवस्थापन समिति" भन्नाले दफा १७५ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ ।

(त्र) "यातायात निरीक्षक" भन्नाले मन्त्रालय वा कार्यालयबाट सवारी साधनको चेकजाँच वा निरीक्षण गर्न खटिएको सरकारी कर्मचारी सम्झनु पर्छ ।

(ज्ञ) "रुपान्तरण" भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीय र डिजेल, पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिड वातावरणमैत्री सवारी साधनमा रुपान्तरण भन्ने सम्झनु पर्छ ।

(क१) "लामोमार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सोभन्दा बढी दुरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ ।

(क२) "वातावरणमैत्री सवारी साधन" भन्नाले वैकल्पिक वा नवीकरणीय ऊर्जाबाट सञ्चालन हुने वा प्रदेश सरकारले वातावरणमैत्री भनी तोकेको सवारी साधन सम्झनु पर्छ ।





(क३) "विद्युतीय सवारी साधन" भन्नाले विद्युत, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी साधन सम्झनु पर्छ ।

(क४) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ।

(क५) "सवारी" भन्नाले निजी, सार्वजनिक यात्रीबाहक, मालबाहक वा ढुवानीका सवारी साधनलाई समेत जनाउँछ ।

(क६) "सवारी चालक अनुमतिपत्र" भन्नाले दफा ५३ बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ ।

(क७) "सवारी चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(क८) "सवारी दर्ता प्रमाणपत्र" भन्नाले दफा २१ बमोजिमको प्रमाणपत्र सम्झनु पर्छ ।

(क९) "सवारीको वजन" भन्नाले सवारी मेसिनरी सहितको कुल वजन सम्झनु पर्छ र सो शब्दले सवारीको कुल भार वहन क्षमतालाई समेत जनाउँछ।

(क१०) "सरकारी सवारी" भन्नाले दफा १४ बमोजिमको सवारी सम्झनु पर्छ ।

(क११) "संस्थानको सवारी" भन्नाले दफा १५ बमोजिमको सवारी सम्झनु पर्छ ।

(क१२) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा उल्लिखित व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था सम्झनु पर्छ।

(क१३) "साना सवारी" भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ।

(क१४) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने व्यावसायिक सवारी सम्झनु पर्छ ।

(क१५) "सार्वजनिक स्थान" भन्नाले प्रदेशभित्रको सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, मार्ग वा सर्वसाधारण आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्री चढ्ने, उत्रने वा सवारी राख्ने निर्धारित ठाउँलाई समेत जनाउँछ।

(क१६) "स्थानीय मार्ग" भन्नाले यात्राको प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटरभन्दा कम दुरीको गन्तव्य वा स्थानसम्मको मार्ग सम्झनु पर्छ ।

(क१७) "स्थानीय सवारी" भन्नाले स्थानीय मार्गमा व्यक्ति वा सामान ओसार्ने वा तान्ने र कम गतिमा सञ्चालन हुने यान्त्रिक, विद्युतीय, मानवीय तथा





जैविक शक्तिबाट सञ्चालन हुने सवारी साधन सम्झनु पर्छ ।

(क१८) "क्षेत्र" भन्नाले यातायात व्यवस्था कार्यालयको क्षेत्राधिकारभित्र पर्ने गरी तोकेको क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद –२

## सवारीको वर्गीकरण

३. **ठुला सवारी:** दश टनभन्दा बढी वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची-१ को खण्ड (क) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई ठुला सवारी भनिनेछ ।

४. **मझौला सवारी:** चार टन देखि दश टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची –१ को खण्ड (ख) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई मझौला सवारी भनिनेछ ।

५. **साना सवारी:** चार टनभन्दा कम वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची–१ को खण्ड (ग) मा उल्लिखित यात्री, मालसमान ढुवानी गर्ने सवारी वा ट्रेलर सवारीलाई साना सवारी भनिनेछ ।

६. **दुई पाङ्ग्रे सवारी:** यान्त्रिक शक्तिबाट चल्ने अनुसूची–१ को खण्ड (घ) मा उल्लिखित सवारीलाई दुई पाङ्ग्रे सवारी भनिनेछ ।

७. **तीन पाङ्ग्रे सवारी:** यान्त्रिक वा विद्युतीय शक्तिबाट चल्ने अनुसूची–१ को खण्ड (ङ) मा उल्लिखित सवारीलाई तीन पाङ्ग्रे सवारी भनिनेछ ।

८. **निर्माण उपकरण सवारीः** अनुसूची–१ को खण्ड (च) मा उल्लिखित सवारीलाई निर्माण उपकरण सवारी भनिनेछ ।

९. **अफरोड सवारीः** अगाडि र पछाडि एक्सेल भएको फोर ह्विलर तथा लकिङ सिस्टमयुक्त कम्तीमा पच्चीस प्रतिशत ग्रेडियन्ट (उकालो) मा चल्न सक्ने सवारीलाई अफरोड सवारी भनिनेछ ।

१०. **विशेष सवारीः** बारुण यन्त्र, एम्बुलेन्स, ट्याङ्कर, आर्म्ड बुलेट प्रुफ जस्ता विशेष किसिमका सेवा दिने सवारीलाई विशेष सवारी भनिनेछ ।

११. **सार्वजनिक सवारीः** (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्न इजाजतपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ ।

(२) सार्वजनिक सवारीलाई यात्रीबाहक र मालबाहक गरी विभाजन गरिनेछ

(३) यात्रीबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिन सकिनेछः-

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा,

(ग) स्थानीय (लोकल) सेवा ।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) सार्वजनिक सवारी पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।





१२. **पर्यटक सवारीः** (१) पर्यटकलाई यातायात सेवा प्रदान गर्न इजाजतपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ख) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१३. **गैरब्यावसायिक सवारीः** (१) निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई गैरब्यावसायिक सवारी भनिनेछ ।

(२) गैरब्यावसायिक सवारी ब्यावसायिक रूपमा यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन ।

(३) गैरब्यावसायिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ग) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त दुई पाङ्ग्रे वा चार पाङ्ग्रे सवारीले तोकिएको प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बिमा गरी यात्री ओसारपसार गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको गैरब्यावसायिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **सरकारी सवारीः** (१) कुनै सरकारी कार्यालयको नाममा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता रहेको सवारीलाई सरकारी सवारी भनिनेछ ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि र पछाडि अनुसूची-२ को खण्ड (घ) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायिक प्रयोजनको लागि दर्ता भएको सरकारी सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१५. <u>संस्थानको सवारीः</u> (१) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता सवारीलाई संस्थानको सवारी भनिनेछ ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि र पछाडि अनुसूची–२ को खण्ड (ङ) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१६. <u>कूटनीतिक सुविधा प्राप्त सवारीः</u> (१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ ।

(२) कूटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि र पछाडि अनुसूची -२ को खण्ड (च) बमोजिमको नम्बर प्लेट वा तोकिए बमोजिमको इम्बोस्ड नम्बर प्लेट राख्नु पर्नेछ ।

१७. <u>सवारी साधनको प्रयोगः</u> (१) जुन प्रयोजनको लागि सवारी दर्ता भएको हो सोही प्रयोजनमा प्रयोग गर्नु पर्नेछ ।





(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई सो प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग गर्नु हुँदैन ।

तर कृषि प्रयोजनको लागि कर छुट लिई दर्ता भएको ट्र्याक्टरले प्रचलित कानून बमोजिम तोकिएको थप कर तिरी व्यावसायिक प्रयोजनमा समेत प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद –३

## <u>सवारी साधन दर्ता सम्बन्धी व्यवस्था</u>

१८. <u>प्रवेश दर्ता गराउनु पर्नेः</u> (१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले प्रदेशभित्र प्रवेश गर्ने स्थानमा रहेको प्रहरी कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो सवारी साधन खरिद गरेको प्रमाण र सम्बन्धित कागजात जाँचबुझ गरी तीस दिनको लागि प्रवेश दर्ता गरी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको प्रमाण दिनु पर्नेछ र सोको विवरण सम्बन्धित यातायात व्यवस्था कार्यालयमा यथाशीघ्र पठाउनु पर्नेछ ।

१९. <u>सवारी दर्ता गराउनु पर्नेः</u> (१) सवारी खरिद गर्ने वा विदेशबाट आयात गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सवारी खरिद गरेको वा आयात गरेको मितिले तीस दिनभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

तर नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित निकायले आयात गरेकोमा पैंतालीस दिनभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(२) विकास साझेदार तथा विदेशी लगानीमा सञ्चालित आयोजना सम्पन्न भए पश्चात नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदाका बखत प्राप्त भएका वाहन वा दर्ता छुट भएका सरकारी पुराना सवारी साधन सम्बन्धित मन्त्रालयबाट निर्णय भई आएमा मन्त्रालयले तोकेको मापदण्ड बमोजिम दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन हुँदैन ।

(४) सुरु दर्ता भएको मितिले विद्युतीय सवारी साधनको हकमा तीस वर्ष र अन्य सवारी साधनको हकमा बीस वर्ष नाघेका सार्वजनिक सवारीलाई मन्त्रालयले तोके बमोजिम पत्रु गर्नु पर्नेछ ।

तर सार्वजनिक बाहेकका अन्य सवारीको हकमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(५) सवारी दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. <u>सवारी दर्ता गराउन निवेदन दिनु पर्नेः</u> दफा १९ बमोजिम कुनै सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी नेपालभित्र उत्पादन वा एसेम्बल्ड भई खरिद गरेको भए खरिद गर्ने व्यक्ति, सहकारी, फर्म, कम्पनी वा एजेन्टले अधिकार प्राप्त अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

२१. <u>सवारी दर्ता प्रमाणपत्रः</u> (१) दफा २० बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी अनुसूची–३ बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

तर सरकारी निकाय, सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापना





भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको नाममा बाहेक चौधभन्दा बढी सिट संख्या भएका र कृषि कार्यको लागि प्रयोग हुने ट्र्याक्टर बाहेक चार टन वा सोभन्दा बढी कुल वजन भएका सवारीलाई निजी सवारीको रूपमा दर्ता गरिने छैन ।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षकको नाम समेत उल्लेख गरी सवारी दर्ता प्रमाणपत्रमा हस्ताक्षर गराउनु पर्नेछ ।

(३) दर्ताको प्रमाणपत्रमा सवारी खरिद गर्दा सवारीको निर्माण कम्पनीले दिएको सवारीको प्राविधिक विवरणमा उल्लिखित सवारीको कुल भारवहन क्षमतालाई सो सवारीको वजन मानी उल्लेख गर्नु पर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा भाररहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै उल्लेख गर्नु पर्नेछ ।

२२. <u>सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्नेः</u> (१) दफा २१ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने अवस्था भए नभएको सम्बन्धमा दफा २८ बमोजिमको मापदण्डका आधारमा छानबिन गरी चलाउन सकिने अवस्थाको भए त्यस्तो सवारीलाई सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र सवारीमा टाँस्नु पर्नेछ ।

२३. <u>संयुक्त दर्ताः</u> दुई वा दुईभन्दा बढी व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष दफा २० बमोजिम कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले

आवश्यक जाँचबुझ गरी त्यस्तो सवारीलाई संयुक्त रुपमा सञ्चालन गर्न दफा २१ बमोजिम सवारी दर्ता गर्नु पर्नेछ।

२४. <u>अस्थायी दर्ता</u>: देहायको अवस्थामा कुनै सवारीलाई अस्थायी रूपमा दर्ता गर्न सकिनेछः-

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब कारण भएमा,

(ख) आयात गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीले गर्दा तुरुन्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) बमोजिमको अवस्था सिर्जना भएमा सवारी निर्माण गर्ने कम्पनी वा बिक्रि गर्ने एजेन्ट वा बिमा कम्पनीसँग क्षतिपूर्ति वा बिमा सम्बन्धी विवाद परी तुरुन्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि सिफारिस भएको सवारी साधन भएमा,





(ङ) विश्वविद्यालय, उत्पादन उद्योग वा अनुसन्धानकर्ताले परीक्षणको लागि स्वदेशमा उत्पादन गरेको सवारी साधन भएमा,

(च) मन्त्रालयले अस्थायी दर्ता गर्न उपयुक्त ठानेमा ।

२५. <u>अस्थायी दर्ताको लागि दरखास्तः</u> दफा २४ बमोजिमको अवस्थामा सवारी आयातकर्ता वा उत्पादक वा निजको आधिकारिक प्रतिनिधिले सवारी अस्थायी रूपमा दर्ता गर्न भन्सार महसुल तिरेको प्रमाण तथा सम्बन्धित कागजातसहित तोकिए बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

२६. <u>अस्थायी दर्ता प्रमाणपत्रः</u> (१) दफा २५ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले दफा २४ बमोजिम जाँचबुझ गरी त्यस्तो सवारी अस्थायी रूपमा दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा अस्थायी सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(२) अस्थायी सवारी दर्ता प्रमाणपत्र प्राप्त सवारीको नम्बर प्लेटमा अस्थायी भनी जनाउनु पर्नेछ ।

(३) अस्थायी सवारी दर्ता प्रमाणपत्र बढीमा छ महिनासम्म मान्य हुने गरी दिन सकिनेछ ।

तर स्वदेशी उद्योग, विश्वविद्यालय वा अनुसन्धानकर्ताले उत्पादन गरेको सवारीको हकमा बढीमा एक वर्षसम्म मान्य हुने गरी दिन सकिनेछ ।

२७. <u>सवारी ल्याउनु पर्नेः</u> दफा १८ वा २१ बमोजिम कुनै सवारी दर्ता गर्न दफा ४० बमोजिम सवारी नामसारी गर्न र दफा

४२ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि निवेदन दिँदा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत ल्याउनु पर्नेछ ।

२८. <u>सवारी चलाउन मापदण्ड तोक्न सक्नेः</u> (१) मन्त्रालयले देहायका आधारमा सवारी जाँचबुझ गरी चलाउनका लागि मापदण्ड तोक्न सक्नेछ–

(क) सवारीको यान्त्रिक अवस्था,

(ख) सवारीको लम्बाई, चौडाइ, उचाइ, बनौट वा स्वरूप,

(ग) सवारीबाट हुन सक्ने प्रदूषण,

(घ) सवारी चलाउन सकिने अवधि ।

(२) सवारीको सक्षमताको प्रमाणपत्र दिँदा वा जाँचपास गर्दा अधिकार प्राप्त अधिकारीले उपदफा (१) को मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

२९. <u>सवारी दर्ता गर्न इन्कार गर्न सकिनेः</u> (१) सवारी दर्ता गर्नका लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले दफा २८ मा तोकिएको मापदण्ड पूरा नभएमा दर्ता इन्कार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरेमा सोको कारण खुलाई निवेदकलाई सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा १९ बमोजिम गरिने दर्ता प्रक्रिया





रोक्का गर्न मनासिब देखेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ता रोक्का गर्न सक्नेछ ।

३०. <u>दर्ताको मान्यताः</u> यस ऐन बमोजिम कुनै एक प्रदेशमा दर्ता भएको सवारी अर्को प्रदेशमा चलाउन सकिने गरी दर्ताको मान्यता दिनु पर्नेछ ।

३१. <u>सरुवा दर्ताः</u> अन्य प्रदेशमा दर्ता भएका सवारी साधन सरुवा भई यस प्रदेशमा दर्ता गर्न चाहेमा तोकिए बमोजिमको शुल्क लिई दर्ता गर्न सकिनेछ ।

३२. <u>सवारीको अभिलेख राख्नु पर्नेः</u> (१) अधिकार प्राप्त अधिकारीले दर्ता भएको सवारीको अभिलेख तोकिए बमोजिम अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख विद्युतीय माध्यममा समेत राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको लगत संघीय तथा प्रदेश डाटाबेसमा सुरक्षित राख्नु पर्नेछ ।

३३. <u>अनुमति नलिई विदेशी सवारी चलाउन नहुनेः</u> प्रचलित कानुन बमोजिम अनुमति नलिई विदेशमा दर्ता भएको सवारी चलाउनु हुँदैन ।

३४. <u>विदेशी सवारी चलाउन अनुमति दिनेः</u> (१) यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार तिरेको प्रमाण सहित अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर लिई एक सवारीलाई एक आर्थिक वर्षमा तीस दिनमा नबढ्ने गरी सवारी चलाउने अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकार र विदेशी

सरकारबीच एक अर्को देशमा यातायात सञ्चालन गर्ने गरी सम्झौता भएकोमा पारस्परिकताको आधारमा विदेशी सवारी नेपालभित्र चलाउन बाधा पर्ने छैन ।

३५. **सवारी दर्ता प्रमाणपत्र नवीकरण:** (१) दफा २१ को उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महिनाभित्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) सवारीधनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन तोकिएको दस्तुर बुझाइ सवारी दर्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

तर कूटनीतिक सुविधा प्राप्त सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि पेश हुन आएमा अर्को एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन आउने सवारीधनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म एकसय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुई सय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीनसय प्रतिशत, चार आर्थिक वर्षसम्म चारसय प्रतिशत र पाँच आर्थिक वर्षसम्म पाँचसय प्रतिशत दस्तुर लिई नवीकरण गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम नवीकरण गर्दा सवारी दर्ता प्रमाणपत्रमा सवारी साधनको कर बुझाएको विवरण अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको म्यादभित्र सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न नआएमा कूटनीतिक सुविधा





प्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कूटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न सूचना गर्न सक्नेछ ।

३६. **नवीकरण सम्बन्धी विशेष व्यवस्था:** दफा ३५ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको सवारी दर्ता प्रमाणपत्र पाँच वर्षसम्मको एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर संलग्न राखी सवारी दर्ता प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ ।

३७. **सवारी दर्ता प्रमाणपत्र स्वतः रद्द हुने:** (१) दफा ३५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएमा स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारीको अभिलेख दर्ता किताबबाट हटाइनेछ ।

३८. **पुनः दर्ता हुन सक्ने:** दफा ३५ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ३५ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिवाना लिई दफा २१ बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

३९. **सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीधनीको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सवारी दर्ता प्रमाणपत्र बुझाइ सोको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाइ अभिलेख राख्नु पर्नेछ ।

४०. **सवारीको नामसारी:** (१) यस ऐन बमोजिम दर्ता भएको सवारी धनीले आफ्नो सवारी अरु कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पैंतीस दिनभित्र नामसारीको लागि सवारी दर्ता प्रमाणपत्र र कर तिरेको प्रमाण बुझाइ तोकिएबमोजिम निवेदन दिनु पर्नेछ ।

(२) सवारीधनीको मृत्यु भएमा नजिकको हकवालाले नब्बे दिनभित्र मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित, सवारी दर्ता प्रमाणपत्र, कर तिरेको प्रमाण र स्थानीय तहको सिफारिस बुझाइ सवारी नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा बेहोरा जनाइ नामसारी गर्नु पर्नेछ ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एकभन्दा बढी हकवालाको निवेदन परेमा ती सबै हकवालाको नाममा सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको बेहोराको अभिलेख राख्नु पर्नेछ ।





(५) सवारीधनीले नामसारीको लागि यस दफा बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष उपस्थित हुन नसक्ने मनासिब कारण देखाइ अड्डाबाट नामसारीको व्यवस्था गरिदिन निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको थप दस्तुर लिई डोर खटाइ नामसारी गरिदिन सक्नेछ ।

(६) सवारी नामसारी गर्दा अधिकार प्राप्त अधिकारीले हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखेमा मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन ।

४१. **दर्ता परिवर्तन गर्न नहुने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालबाहक सवारीको रूपमा दर्ता भएका सवारीलाई यात्रीबाहक सवारीमा परिवर्तन गरिने छैन।

४२. **स्वीकृति नलिई हेरफेर गर्न नहुने:** (१) सवारीधनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, सिट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्न स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी उपयुक्त देखेमा स्वीकृति दिन सक्नेछ ।

तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेसन) मा परिवर्तन गर्न स्वीकृति दिइने छैन ।

(३) उपदफा (२) बमोजिम स्वीकृति दिँदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लाग्नेछ ।

(४) प्रदूषण कम गर्ने उद्देश्यले सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरणको लागि माग गरेमा त्यस्ता सवारीधनी, उद्योग, कम्पनी, सहकारीलाई रुपान्तरणको स्वीकृति दिनु पर्नेछ ।

तर सुरु दर्ता भएको मितिले सात वर्ष पूरा नभएका सवारी साधनलाई रुपान्तरणको स्वीकृति दिइने छैन ।

(५) यस दफा बमोजिम सवारीको रङ, सिट सङ्ख्या वा स्वरूप परिवर्तन सम्बन्धी अन्य विवरण (स्पेसिफिकेसन) तोकिए बमोजिम हुनेछ ।

४३. **सवारी दर्ता प्रमाणपत्र स्थगित गर्न सक्नेः** (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारी दर्ता प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने आदेश दिन सक्नेछः–

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जिउ वा सम्पत्तिमा हानिनोक्सानी हुने देखिएमा सो सवारी पूर्ण रूपमा मर्मत नगरेसम्म,

(ख) सवारीधनीले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै सर्त पूरा नगरेमा वा अधिकार प्राप्त अधिकारीले दिएको आदेश उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्म,

(ग) सवारीधनीले कारण खुलाएर प्रहरी प्रतिवेदन संलग्न गरी सवारी दर्ता स्थगनको लागि अधिकार प्राप्त अधिकारी





समक्ष निवेदन दिएमा एक पटकमा एक वर्षसम्म।

तर यस्तो अवधिमा कर छुटको सुविधा दिइने छैन ।

(२) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गर्ने आदेश दिँदा कारण समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गरेको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सवारी दर्ता प्रमाणपत्र स्थगित गरेको मितिले सात दिनभित्र सवारी धनीले सवारी दर्ता प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

(५) सवारी दर्ता प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारीधनीले बुझाएको सवारी दर्ता प्रमाणपत्र निजलाई नै फिर्ता गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम फिर्ता दिएको सवारी दर्ता प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत जनाइ अभिलेख राख्नु पर्नेछ ।

४४. **सवारी दर्ता प्रमाणपत्र खारेज गर्नेः** (१) अधिकार प्राप्त अधिकारीले देहायको कुनै अवस्थामा दर्ता भएको सवारीको दर्ता खारेजी वा अभिलेख कट्टा गर्न सक्नेछः-

(क) सवारी कुनै किसिमले नासिएमा, मर्मत गर्न नसकिने गरी बिग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस दिनभित्र सवारी दर्ता प्रमाणपत्र संलग्न राखी अभिलेख कट्टा गर्न

अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिएमा,

तर पुरातात्विक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लैजान परेमा सवारीधनीले पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ख) कुनै सवारी अनियमित तवरले वा झुट्टा कागजात वा गलत विवरणको आधारमा दर्ता गरिएको पाइएमा ।

(२) उपदफा (१) बमोजिमको निवेदन वा उजुरी वा जानकारी प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले छानबिन गरी उपयुक्त देखेमा सवारी दर्ता प्रमाणपत्र खारेजीको बेहोरा जनाई सवारीको अभिलेख कट्टा गर्नु पर्नेछ ।

४५. **नवीकरण दस्तुर मिनाहा दिने:** यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चलाउन नसकिने भएमा सवारी धनीले बेहोरा खुलाई प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले सवारी दर्ताको प्रमाणपत्र खिची चलाउन नसकिने अवधिसम्मको लागि तिर्नु पर्ने नवीकरण दस्तुर मिनाहा दिनु पर्नेछ ।

४६. **सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि दिने:** (१) सवारी दर्ता प्रमाणपत्र च्यातिएमा वा झुत्रो भई नबुझिने भएमा सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष सोको छायाँप्रति संलग्न गरी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ ।





तर सवारी दर्ता प्रमाणपत्र हराएमा वा अन्य कुनै कारणवश नासिएमा नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनउपर आवश्यक छानबिन गर्दा बेहोरा ठिक देखेमा अधिकार प्राप्त अधिकारीले सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

४७. **विवरण पेश गर्नु पर्ने:** (१) विदेशबाट सवारी आयात गर्ने फर्म, कम्पनी वा एजेन्टले आफूले आयात गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर, किसिम, निर्माताको नाम र आयात मूल्य उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सवारीको बिक्री र मौज्दात विवरण खुलाई चौमासिक रूपमा अधिकार प्राप्त अधिकारी समक्ष पेस गर्नु पर्नेछ ।

(३) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी आयात गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टसँग उपदफा (१) र (२) मा लेखिएको विवरणको अतिरिक्त आवश्यक विवरण र कागजात माग्न सक्नेछ ।

## परिच्छेद –४

## सवारी चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४८. **सवारी चलाउन नहुने:** कुनै पनि व्यक्तिले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु हुँदैन।

४९. **सवारी चलाउन दिन नहुने:** कसैले आफ्नो स्वामित्व वा जिम्मामा रहेको सवारी साधन सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई चलाउन दिनु हुँदैन ।

५०. **चालकको योग्यताः** (१) देहायका व्यक्ति देहायका सवारी चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छन्ः-

(क) ठुला सवारी र मझौला सवारीको हकमा एक्काइस वर्ष उमेर पुगेको,

(ख) कार, जिप र तीन पाङ्ग्रे साना सवारी साधनको हकमा अठार वर्ष उमेर पुगेको,

(ग) मोटरसाइकल, स्कुटर लगायत साना दुई पाङ्ग्रे सवारीको हकमा सोह्र वर्ष उमेर पुगेको।

(घ) सामान्य लेखपढ गर्न जानेको,

(२) देहायका व्यक्ति चालक अनुमतिपत्र प्राप्त तथा नवीकरण गर्न योग्य मानिने छैनः-

(क) छारे रोग वा मानसिक असन्तुलन भएको कारणले सवारी साधन चलाउन असमर्थ भएको,

(ख) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठिक नभएको,

(ग) साधारण ध्वनी सङ्केत, आवाज सुन्न नसक्ने,

(घ) रातो, हरियो, पहेँलो इत्यादि रङहरू छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ङ) रतन्धो भएको,

(च) एउटा मात्र आँखा वा एउटा मात्र हात वा एउटा मात्र खुट्टा भएको,

तर अपाङ्गता भएका व्यक्तिका लागि खास किसिमले बनेको सवारीको लागि यो खण्डको बन्देज लागु हुने छैन ।





(छ) ठूलो र मझौला सार्वजनिक सवारीको लागि ६० वर्ष पुरा भएको,

(ज) दफा ६० वा ६४ बमोजिम सवारी चालक अनुमतिपत्र रद्द भएको मितिले पाँच वर्ष अवधि पूरा नभएको ।

५१. **चालक अनुमतिपत्रको लागि निवेदनः** (१) दफा ५० बमोजिमको योग्यता भएको व्यक्तिले तोकिए बमोजिमको सवारी चालक अनुमतिपत्रका लागि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ निवेदकले चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बायोमेट्रिक, मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र, स्वघोषणा समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वघोषणा तोकिए बमोजिम हुनेछ ।

(४) कुनै सवारी साधन चलाउन अनुमतिपत्र प्राप्त गरिसकेका चालकलाई अर्को सवारी साधनको लागि थप अनुमतिपत्र दिँदा लिखित परीक्षा लिइने छैन ।

५२. **निवेदकको परीक्षणः** (१) दफा ५१ बमोजिम निवेदन परेमा मन्त्रालयले तोके बमोजिमको परीक्षा प्रणालीबाट निवेदकको परीक्षा लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने निवेदकले सो परीक्षा सम्पन्न भएको मितिले तीस दिनपछि दफा ५१ बमोजिम पुनः निवेदन दिन सक्नेछ।

५३. **सवारी चालक अनुमतिपत्र दिने:** (१) दफा ५२ बमोजिम परीक्षा लिई सफल भएका निवेदकलाई अधिकार प्राप्त अधिकारीले अनुसूची-५ बमोजिमको ढाँचामा तीन महिनाभित्र सवारी चालक अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने अनुमतिपत्रमा कुन सवारी चलाउन अनुमति दिइएको हो स्पष्ट जनाउनु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सवारी चलाउने चालकलाई दिइने सवारी चालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५४. **परीक्षणकालमा रहने:** (१) दफा ५३ बमोजिमको सवारी चालक अनुमतिपत्र एक वर्षको परीक्षणकालमा रहने गरी दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालको अवधिमा सवारी चालकले यस ऐन बमोजिम पालना गर्नु पर्ने शर्त पाँच पटक भन्दा बढी उल्लङ्घन नगरेमा निजलाई स्थायी सवारी चालक अनुमतिपत्र दिनु पर्नेछ ।

५५. **विदेशी राष्ट्रबाट प्राप्त सवारी चालक अनुमतिपत्रको मान्यता:** (१) विदेशी राष्ट्रबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले दफा ५१ बमोजिम निवेदन दिएमा सवारी चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई अनुमतिपत्र दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सवारी चालक अनुमतिपत्रको लागि प्रयोगात्मक परीक्षा लिनु पर्नेछ ।





(३) उपदफा (१) बमोजिम आफ्नो राष्ट्रबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेका विदेशी कूटनीतिक नियोगमा काम गर्ने व्यक्तिको हकमा परराष्ट्र मन्त्रालयको सिफारिसमा उपदफा (२) बमोजिमको परीक्षा नलिई सवारी चालक अनुमतिपत्र दिन सकिनेछ ।

५६. **अन्तर्राष्ट्रिय सवारी चालक अनुमतिपत्र स्वतः मान्य हुने:** अन्तर्राष्ट्रिय सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको वर्गको सवारी नेपालभर चलाउन सक्नेछ ।

५७. **सवारी चालक अनुमतिपत्रको वैधता:** (१) दफा ५३ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले अनुमतिपत्रमा उल्लिखित सवारी मात्र चलाउन पाउनेछ ।

(२) सवारी चालक अनुमतिपत्र जारी गरेको मितिले पाँच वर्षसम्म बहाल रहनेछ ।

५८. **सवारी चालक अनुमतिपत्रमा समावेश गर्ने:** (१) सवारी चालकले प्राप्त गरेको अनुमतिपत्रमा उल्लिखित सवारीका अतिरिक्त कुनै सवारी समावेश गराउन चाहेमा सो सवारीको वर्ग खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सवारी चालक अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको वर्गको सवारीको प्रयोगात्मक परीक्षा लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको परीक्षामा उत्तीर्ण भएको चालकलाई अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी समावेश गरी नयाँ सवारी चालक अनुमतिपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सवारी चालक अनुमतिपत्र दिँदा थपिएको सवारीको हकमा दफा ५४ बमोजिमको परीक्षणकाल लागू हुनेछ ।

५९. **सवारी चालक अनुमतिपत्रको नवीकरणः** (१) दफा ५७ को उपदफा (२) बमोजिमको म्याद नाघेको नब्बे दिन भित्र नवीकरण दस्तुर बुझाइ सवारी चालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद नघाइ आउने सवारी चालकबाट नवीकरण दस्तुरको अतिरिक्त म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत थप दस्तुर लिई नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन पर्न आएमा अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ ।

६०. **सवारी चालक अनुमतिपत्र स्वतः रद्द हुनेः** (१) दफा ५९ बमोजिमको अवधिभित्र नवीकरण नगराएको सवारी चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारी चालक अनुमतिपत्र अभिलेखबाट हटाइनेछ ।

६१. **निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्नेः** सवारी चालक अनुमतिपत्र नवीकरण गराउँदा मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

६२. **ठेगाना परिवर्तन भएमा सूचना गर्नु पर्नेः** (१) सवारी चालकको स्थायी ठेगाना परिवर्तन भएमा एक महिनाभित्र सोको जानकारी अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।



खण्ड ६ ) अतिरिक्ताङ्क १०, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।२३

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले सवारी चालकको नयाँ ठेगाना अभिलेखमा जनाउनु पर्नेछ ।

६३. **सवारी चालक अनुमतिपत्र निलम्बन गर्न सकिनेः** सवारी चालकले पालना गर्नुपर्ने शर्त पाँचपटक भन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले सवारी चालक अनुमतिपत्र छ महिनासम्म निलम्बन गर्न सक्नेछ ।

६४. **सवारी चालक अनुमतिपत्र खारेज गर्नु पर्नेः** (१) सवारी चालकमा दफा ५० बमोजिमको योग्यता नभएको प्रमाणित भएमा वा झुट्टा विवरण पेश गरेमा अधिकार प्राप्त अधिकारीले सवारी चालक अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(२) सवारी चालकको लापरवाहीका कारण सवारी दुर्घटनाबाट व्यक्तिको अङ्गभङ्ग भएको वा मृत्यु भएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले सवारी चालक अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खारेज गरिएको सवारी चालक अनुमतिपत्र फिर्ता गर्न अधिकार प्राप्त अधिकारीले सवारी चालकलाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र सवारी चालकले आफ्नो अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

६५. **सवारी चालक अनुमतिपत्रको प्रतिलिपि दिनेः** (१) सवारी चालक अनुमतिपत्र हराएमा, नासिएमा वा कुनै कारणले काम नलाग्ने भएमा सवारी चालकले प्रतिलिपिका लागि तोकिएको ढाँचामा दस्तुर बुझाइ निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन छानबिन गरी बेहोरा ठिक देखिएमा चालकलाई सवारी चालक अनुमतिपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

६६. <u>स्वचालित (अटोमेटिक) सवारी अनुमतिपत्र सम्बन्धी व्यवस्था:</u> (१) प्रविधियुक्त स्वचालित सवारी चलाउन छुट्टै सवारी चालक अनुमतिपत्रको व्यवस्था गर्न सकिनेछ ।

तर सो अनुमतिपत्र अन्य सवारीको हकमा लागु हुने छैन ।

(२) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६७. <u>प्रशिक्षार्थी सवारी चालक सम्बन्धी व्यवस्था:</u> प्रशिक्षार्थी सवारी चालक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## <u>परिचालक (कन्डक्टर) अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

६८. <u>अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुने:</u> (१) कुनै पनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन ।

(२) परिचालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई सार्वजनिक सवारीधनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन ।

६९. <u>परिचालक अनुमतिपत्रको लागि योग्यता:</u> देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न योग्य हुनेछः-

(क) अठार वर्ष उमेर पुगेको,

(ख) साधारण लेखपढ गर्न जान्ने,

(ग) निरोगिताको प्रमाणपत्र भएको ।





७०. <u>परिचालक अनुमतिपत्रको लागि निवेदन दिने:</u> (१) दफा ६९ बमोजिमको योग्यता भएको व्यक्तिले सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ निवेदकले परिचालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, हालसालै खिचिएको तीन प्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ ।

७१. <u>परिचालक अनुमतिपत्र दिने:</u> (१) दफा ७० बमोजिम निवेदन परेमा छानबिन गरी निवेदनसाथ संलग्न बेहोरा मनासिव देखिएमा अनुसूची–६ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ र परिचालक अनुमतिपत्र प्राप्त व्यक्तिले आफू कार्यरत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र पाँच वर्षसम्म बहाल रहनेछ ।

७२. <u>परिचालक अनुमतिपत्रको नवीकरण:</u> (१) दफा ७१ को उपदफा (२) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र परिचालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचालक अनुमतिपत्र नवीकरण गराउन तोकिएको दस्तुर संलग्न गरी परिचालक अनुमतिपत्र पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि पेश भएको परिचालक अनुमतिपत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नघाइ आउने परिचालकबाट नवीकरण दस्तुरको अतिरिक्त म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुईसय प्रतिशत, तीन वर्षसम्म तीनसय प्रतिशत, चार वर्षसम्म चारसय प्रतिशत र पाँच वर्षसम्म पाँचसय प्रतिशत थप दस्तुर लिई परिचालक अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ ।

७३. <u>परिचालक अनुमतिपत्र स्वतः रद्द हुने:</u> (१) दफा ७२ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म नवीकरण नगराइएको परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्र अभिलेखबाट हटाइनेछ ।

७४. <u>परिचालकको ठेगाना परिवर्तनको जानकारी दिनु पर्ने:</u> (१) परिचालकको स्थायी ठेगाना परिवर्तनको जानकारी अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले परिचालकको नयाँ ठेगाना अभिलेखमा जनाउनु पर्नेछ ।

७५. <u>परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिने:</u> यो ऐन बमोजिम परिचालकले पालन गर्नु पर्ने शर्त पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले परिचालक अनुमतिपत्र छ महिनासम्म निलम्बन गर्न सक्नेछ।

७६. <u>परिचालक अनुमतिपत्र खारेज गर्न सकिने:</u> (१) दफा ६९ बमोजिमको योग्यता परिचालकमा नभएको प्रमाणित भएमा





अधिकार प्राप्त अधिकारीले परिचालक अनुमतिपत्र खारेज गरी अनुमतिपत्र फिर्ता बुझाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र परिचालकले आफ्नो परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ ।

७७. <u>परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने:</u> (१) परिचालक अनुमतिपत्र हराए वा नासिएमा पैंतीस दिनभित्र परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाइ निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन छानबिन गर्दा बेहोरा उपयुक्त भएमा परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ ।

७८. <u>सवारी चालक र परिचालकको पारिश्रमिक:</u> सवारी चालक र परिचालकको न्यूनतम पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

७९. <u>सवारी चालक र परिचालकको सामाजिक सुरक्षा:</u> सवारी चालक र परिचालकको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद –६

## <u>सार्वजनिक यातायात व्यवस्थापन</u>

८०. <u>सडक मार्ग निर्धारण गर्ने:</u> यातायात व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयले उपयुक्त देखेमा आवश्यकता अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न सडक

मार्ग निर्धारण गरी सोको सूचना सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

८१. **नमुना मार्ग निर्धारण गर्न सक्ने:** व्यक्ति, फर्म, कम्पनी वा सहकारीले वातावरणमैत्री सवारी साधन सञ्चालन गर्न नमुना मार्ग माग गरेमा मन्त्रालयले स्थान तोकी निर्धारण गर्न सक्नेछ ।

८२. **मार्ग निर्धारण समिति:** (१) प्रदेशभर सहज, सरल र सुरक्षित रुपमा लामो र मध्यम दुरीको मार्ग निर्धारण गर्न देहाय बमोजिमको मार्ग निर्धारण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय –संयोजक

(ख) निर्देशक, यातायात पूर्वाधार निर्देशनालय –सदस्य

(ग) प्रमुख, सडक हेर्ने महाशाखा, मन्त्रालय –सदस्य

(घ) अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानुन मन्त्रालय –सदस्य

(ङ) शाखा अधिकृत, यातायात व्यवस्था शाखा, मन्त्रालय –सदस्य सचिव

तर स्थानीय तहभित्र छोटो दुरीको मार्ग स्थानीय तहले र अन्तर स्थानीय तहको छोटो दुरीको मार्ग यातायात व्यवस्थापन समितिले प्रचलित कानुन बमोजिम निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले सडकको स्तर, अवस्था, सवारी साधनको किसिम, यात्रीको चाप तथा माग, सम्बन्धित निकायको सिफारिस र सडक हस्तान्तरणका शर्तका आधारमा मार्ग निर्धारण गर्नु पर्नेछ ।





(३) स्थानीय कानुन नबनेसम्म यस ऐन बमोजिम अस्थायी मार्ग निर्धारण बाहेक सबै किसिमका मार्ग निर्धारण गर्ने अधिकार उपदफा (१) बमोजिमको समितिलाई हुनेछ ।

८३. **अनुदान दिने:** दुर्गम तथा पिछडिएका वस्तीका जनतालाई न्यूनतम सवारी सेवा उपलब्ध गराउन सार्वजनिक सवारी सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि बनाई अनुदान दिन सक्नेछ ।

८४. **मास–ट्रान्सपोर्ट सञ्चालन गर्न सक्ने:** (१) मन्त्रालयले सडकको अवस्था र सवारी चापको आधारमा मास–ट्रान्सपोर्ट सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मास–ट्रान्सपोर्ट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८५. **मार्ग इजाजतपत्र लिनु पर्ने:** सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र लिनु पर्नेछ ।

८६. **मार्ग इजाजतपत्रको लागि निवेदन:** यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारीले कुनै मार्ग प्रयोग गर्नु परेमा निर्धारित दस्तुर बुझाइ तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

८७. **मार्ग इजाजतपत्र दिनु पर्ने:** (१) दफा ८६ बमोजिमको निवेदन परेमा देहायका विषयमा जाँच गरी अनुसूची–७ बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनु पर्नेछः-

(क) सवारी चालक, परिचालक, कर्मचारी, तेस्रो पक्ष र यात्री बिमा,

(ख) सवारी जाँचपास,

(ग) सवारी दर्ता प्रमाणपत्र नवीकरण ।

तर एक प्रदेशबाट अर्को प्रदेशमा सञ्चालन हुने सवारीको मार्ग इजाजत सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(२) अधिकार प्राप्त अधिकारीले सार्वजनिक सूचना प्रकाशन गरी निर्धारित मार्गमा चल्ने सवारीको किसिम र संख्या तोक्न सक्नेछ ।

८८. <u>मार्ग इजाजतपत्र मान्य अवधि:</u> दफा ८७ बमोजिमको मार्ग इजाजतपत्र छ महिनासम्म मान्य हुनेछ ।

८९. <u>मार्ग इजाजतपत्र परिवर्तन:</u> (१) मार्ग इजाजतपत्रको अवधि समाप्त नहुँदै सो मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा सवारीधनी वा व्यवस्थापकले पुनः दफा ८६ बमोजिम निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा पहिले दिएको मार्ग इजाजतपत्र खारेज गरी नयाँ मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

९०. <u>बहु मार्ग इजाजतपत्र दिन सकिने:</u> (१) कुनै सार्वजनिक सवारीले सेवा पुऱ्याइरहेको याइरहेको मार्गमा असर नपर्ने गरी सो मार्गसँग सम्बन्धित अन्य मार्गमा समेत सो सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी मार्ग इजाजतपत्र दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम बहु मार्ग इजाजतपत्र दिँदा प्रत्येक मार्गको लागि लाग्ने मार्ग दस्तुर समेत सार्वजनिक सवारीधनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ ।

९१. <u>पटके मार्ग इजाजतपत्र:</u> (१) कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य मार्गमा चलाउनु परेमा सवारीधनी वा व्यवस्थापकले पटके मार्ग





इजाजतपत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाइ निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा आवश्यक छानबिन गरी बेहोरा ठिक देखेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

९२. <u>मार्ग इजाजतपत्र दिन इन्कार गर्न सकिने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय राजमार्ग बाहेकको मार्गमा यातायात सेवा सञ्चालन गर्न यात्रीको चाप र सार्वजनिक सवारीको संख्या, प्रदूषण वा तोकिएको स्तर नभएका वा अन्य कारणबाट मार्ग इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुने देखेमा अधिकार प्राप्त अधिकारीले यातायात व्यवस्थापन समितिसँग परामर्श गरी मार्ग इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ ।

९३. <u>मार्ग इजाजतपत्र नवीकरण:</u> (१) दफा ८७ को उपदफा (१) बमोजिमको मार्ग इजाजतपत्रमा उल्लिखित म्याद समाप्त भएको पन्ध्र दिनभित्र तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाइ नवीकरण गराउन निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले छ महिनाको लागि मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्याद नघाइ मार्ग इजाजतपत्र नवीकरण गराउन आएमा म्याद नाघेको एक महिनाभित्र नवीकरण दस्तुरको शत प्रतिशत थप दस्तुर लिई मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ ।

९४. **मार्ग इजाजतपत्र स्वतः निलम्बन हुने:** दफा ९३ को उपदफा (३) बमोजिमको अवधिसम्म नवीकरण नगरेमा मार्ग इजाजतपत्र स्वतः निलम्बन हुनेछ ।

९५. **पुनः मार्ग इजाजतपत्र दिनु पर्ने:** दफा ९४ बमोजिम निलम्बन भएको सार्वजनिक सवारीको लागि पुनः मार्ग इजाजतपत्र लिन आएमा दफा ९३ बमोजिम लिनु पर्ने नवीकरण दस्तुर र थप दस्तुर लिई निजलाई एक हजार रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गरी मार्ग इजाजतपत्र दिनु पर्नेछ।

९६. **मार्ग इजाजतपत्र स्थगित गर्न सकिने:** (१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटना वा अन्य कारणबाट छ महिना वा सोभन्दा बढी अवधिसम्म चलाउन नमिल्ने भएमा सोको बेहोरा खुलाइ मार्ग इजाजतपत्र संलग्न राखी मार्ग इजाजतपत्र स्थगित गर्न निवेदन दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा अधिकार प्राप्त अधिकारीले छानबिन गर्दा उपयुक्त देखेमा सार्वजनिक सवारी चलाउन नमिल्ने अवधिसम्मका लागि मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकुल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्ता सवारीको मार्ग इजाजतपत्र बढीमा एक महिनासम्मको लागि स्थगित गर्न सक्नेछ ।

९७. **मार्ग इजाजतपत्र रद्द गर्न सकिने:** सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रीए वा नासिएमा सोको प्रमाण संलग्न राखी





मार्ग इजाजतपत्र रद्द गराउन निवेदन परेमा अधिकार प्राप्त अधिकारीले मार्ग इजाजतपत्र रद्द गर्न सक्नेछ।

९८. **मार्ग इजाजतपत्रको प्रतिलिपि दिनु पर्ने:** (१) मार्ग इजाजतपत्र च्यातिएमा, हराएमा, नासिएमा वा झुत्रो भई नबुझिने भएमा सवारीधनी वा व्यवस्थापकले सोको प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा अधिकार प्राप्त अधिकारीले छानबिन गर्दा बेहोरा ठिक देखेमा मार्ग इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

९९. **जाँचपास गराउनु पर्ने:** (१) सार्वजनिक सवारी साधनको मार्ग इजाजतपत्र लिनु अघि देहाय बमोजिम जाँचपास गराउनु पर्नेछः-

(क) तयारी सवारी साधन आयात भई सार्वजनिक सवारीको रूपमा दर्ता गरी नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने,

(ख) चेसिस आयात भएको सवारी साधन दर्ता भएको स्वरूप (बडी) निर्माण गरी नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराएमा मार्ग इजाजतपत्र दिइने छैन ।

१००. **जाँचपासको लागि निवेदन दिनु पर्ने:** सवारी साधन जाँचपास गराउन सवारीधनी वा व्यवस्थापकले तोकिएको ढाँचामा

तोकिएको दस्तुर बुझाइ अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

१०१. <u>जाँचपासको प्रमाणपत्र दिनुपर्ने:</u> (१) दफा १०० बमोजिमको निवेदनका आधारमा अधिकार प्राप्त अधिकारीले सार्वजनिक सवारी जाँच्न लगाई यान्त्रिक स्थिति र स्वरूप ठिक देखेमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ ।

१०२. <u>पुनः जाँचपास गराउनु पर्ने:</u> (१) दफा १०१ को उपदफा (२) बमोजिमको म्याद नाघेको मितिले सात दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि निवेदन दिई जाँचपास गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पुनः जाँचपास नगराएमा म्याद नाघेका मितिले पैंतीस दिनभित्र सवारी जाँचपास गराउन ल्याएमा लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नघाइ सार्वजनिक सवारी पुनः जाँचपास गराउन ल्याएमा उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँचहजार रुपैयाँसम्म जरिवाना लिई पुनः जाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ ।

१०३. <u>प्रदूषण जाँच गराउनु पर्ने:</u> (१) कुनै पनि सवारी शुरू दर्ता गराउँदा प्रदूषण जाँच गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदूषण जाँच नगराएको सवारी साधन सञ्चालनको लागि इजाजतपत्र दिइने छैन ।





(३) दुई पाङ्ग्रे सवारीको हकमा शुरु दर्ता र नामसारी गर्दा प्रदूषण जाँच गराउनु पर्नेछ ।

१०४. <u>प्रदूषण जाँचको लागि निवेदन दिनु पर्ने:</u> प्रदूषण जाँच गर्न सवारीधनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाइ अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

१०५. <u>प्रदूषण जाँचको स्टीकर दिनु पर्ने:</u> (१) दफा १०४ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले प्रदूषणको स्तर जाँच्न लगाइ तोकिए बमोजिमको मापदण्डभित्र रहेको पाइएमा तोकिए बमोजिमको ढाँचामा प्रदूषण जाँच स्टीकर दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रदूषण जाँच स्टीकरको मान्यता सार्वजनिक सवारीको हकमा छ महिना र अन्य सवारीको हकमा एक वर्षसम्म हुनेछ ।

१०६. <u>प्रदूषण जाँच नगराएमा जरिवाना गर्नु पर्ने:</u> प्रदूषण जाँच स्टिकरको मान्यता अवधि समाप्त भएको सात दिनभित्र पुनः प्रदूषण जाँच नगराएमा देहायको जरिवाना गरी पुनः प्रदूषण जाँच गर्नु पर्नेछः-

(क) प्रदूषण जाँच स्टिकरको अवधि समाप्त भएको तीस दिनसम्म दोब्बर जरिवाना,

(ख) खण्ड (क) मा उल्लिखित अवधि नाघेमा थप एक हजार रुपैयाँदेखि दुई हजार रुपैयाँसम्म जरिवाना ।

१०७. <u>अनुमति प्राप्त सवारी परीक्षण केन्द्रबाट जाँच गराउन सक्ने:</u> (१) मन्त्रालयले आफ्नो स्रोत साधनबाट सार्वजनिक सवारीको प्रदूषण लगायतका परीक्षण गर्न सम्भव नभएमा

शर्तहरू तोकी अनुमति प्राप्त सवारी परीक्षण केन्द्र (भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर) बाट जाँचपास गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त परीक्षण केन्द्रबाट भएको परीक्षणका सम्बन्धमा अधिकार प्राप्त अधिकारीले अनुगमन गर्दा तोकिएको शर्त अनुरूप परीक्षण भएको नदेखिएमा अनुमति निलम्बन वा खारेज गर्न सक्नेछ ।

१०८. <u>यातायात सेवाको नाम पञ्जीकृत गर्नु पर्नेः</u> (१) सवारीधनी वा व्यवस्थापकले यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत नगरी कुनै पनि सवारी सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन ।

(२) सवारीधनी वा व्यवस्थापकले यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत गर्न तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर कार्यालयले छानबिन गर्दा यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न निवेदकलाई अनुसूची–८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमति प्राप्त सवारीधनी वा व्यवस्थापकले यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र पाँच वर्षसम्म बहाल रहनेछ ।

(६) पञ्जीकृत यातायात सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।





(७) पञ्जीकृत यातायात सेवामा सवारी साधन थप गर्न चाहेमा अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको दस्तुर लिई सवारी साधन थप गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सवारी साधन थप गर्दा पञ्जीकृत यातायात सेवाको पूँजीको अनुपात मिल्ने गरी पूँजी वृद्धिको निस्सा पेश गर्नु पर्नेछ ।

१०९. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणः</u> (१) दफा १०८ को उपदफा (५) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गरी सक्नु पर्नेछ ।

(२) सवारी धनी, व्यवस्थापक वा निजको प्रतिनिधिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउन तोकिएको दस्तुर बुझाइ तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन परेमा कार्यालयले थप पाँच वर्षको लागि अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नघाइ आएमा म्याद नाघेको एक महिनासम्म दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ ।

११०. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुनेः</u> (१) दफा १०९ को उपदफा (४) बमोजिम निर्धारित अवधिभित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको अभिलेख हटाइनेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेख हटाइएको अनुमतिपत्र पुनः नवीकरण गरिने छैन ।

१११. <u>भाडा निर्धारण गर्ने:</u> (१) कुनै मार्गमा सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर तोकिए बमोजिम हुनेछ ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने झिटीगुन्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने झिटीगुन्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

११२. <u>परिचयपत्र नझुण्ड्याएको व्यक्तिले यात्री टिकट बेच्न नहुने:</u> सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा संलग्न व्यक्तिले सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नझुण्ड्याई यात्री टिकट बेच्न हुँदैन ।

११३. <u>यात्री टिकटको ढाँचा:</u> (१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको यात्री टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्नेछ ।

११४. <u>ढुवानीको विवरण सहितको बिल दिनु पर्ने:</u> मालबाहक सार्वजनिक सवारीले मालसामान ढुवानी गर्दा विवरण उल्लेख गरिएको ढुवानीको बिल तोकिए बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

११५. <u>यात्री सूची तयार गर्नु पर्ने:</u> लामो वा मध्यम दुरीको यातायात सेवा सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाले सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक र कर्मचारीको नाम, उमेर र ठेगाना खुलाई यात्री सूची तयार गर्नु पर्नेछ । सो



खण्ड ६ ) अतिरिक्ताङ्क १०, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।२३

यात्री सूचीको एकप्रति आफूसँग राखी अर्को प्रति अधिकार प्राप्त अधिकारी वा नजिकको ट्राफिक प्रहरी कार्यालय समक्ष दिएर मात्र गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु पर्नेछ ।

११६. <u>यात्री र मालसामान सुरक्षित रूपमा पुर्‍याउनु पर्ने:</u> (१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीलाई गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षित पुर्‍याउनु पर्नेछ ।

तर यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्नु हुँदैन ।

(२) कुनै सार्वजनिक सवारी बिग्रेमा वा विपदका कारणले सवारी अघि बढाउन नसकिने भएमा यात्रीको सुविधालाई ध्यान पुर्‍याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु सवारी चालक, परिचालक वा कर्मचारीको दायित्व हुनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा सवारी अघि बढाउन नसकिने भएमा सवारीधनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुर्‍याउने वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

११७. <u>सिटभन्दा बढी यात्री राख्न नहुने:</u> यात्रीबाहक सार्वजनिक सवारीमा सो सवारी दर्ता प्रमाणपत्रमा लेखिएको सिट संख्याभन्दा बढी यात्री राख्नु हुँदैन ।

११८. <u>यात्रा विश्राम गर्नु पर्ने:</u> चार घण्टाभन्दा बढीको दुरीमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक पन्ध्र मिनेट विश्राम गर्नु पर्नेछ ।

११९. <u>चालकको पालो फेर्नु पर्ने:</u> लामो दुरीको यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक सार्वजनिक सवारीमा दुईवटा

चालक अनिवार्य रूपमा राखी प्रत्येक छ/छ घण्टामा पालै पालोसँग सवारी चलाउने व्यवस्था यातायात सेवा सञ्चालकले गर्नु पर्नेछ ।

१२०. <u>टिकट नलिई यात्रा गर्नमा प्रतिबन्धः</u> कुनै पनि व्यक्तिलाई सवारी साधनमा यात्रा गराउँदा यात्रीको नाम, थर, ठेगाना र गन्तव्य सहितको विवरण आधिकारिक टिकटमा नखुलाई यात्रा गराउनु हुँदैन ।

१२१. <u>मार्गको नक्सा र समय तालिकाको जानकारी गराउनेः</u> (१) प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय, भाडादर तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्नु वा जडान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको मार्ग, नक्सा, भाडादर वा समय तालिकामा फेरबदल भएमा सोको सूचना यात्रीलाई तुरुन्त दिने व्यवस्था गर्नु पर्नेछ ।

१२२. <u>सिट सुरक्षित राख्नु पर्नेः</u> यात्रीबाहक ठुलो सार्वजनिक सवारीमा अशक्त, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र गर्भवती/सुत्केरी महिलाका लागि सिट सुरक्षित राख्नु पर्नेछ ।

१२३. <u>सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेः</u> मध्यम र लामो दुरीका यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालकले सवारी तथा यात्रीहरूको सुरक्षाको लागि सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन सुरक्षा निकायसँग अनुरोध गरेमा सो निकायले सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ ।

१२४. <u>अनुचित व्यवहार गर्न नहुनेः</u> कसैले पनि यात्री, चालक, परिचालक तथा कर्मचारीसँग अनुचित व्यवहार गर्नु हुँदैन ।





१२५. <u>सार्वजनिक सवारीमा सी.सी. क्यामेरा जडानः</u> लामो र मध्यम दुरीका सार्वजनिक सवारीमा सी.सी. क्यामेरा जडान गर्नु पर्नेछ ।

१२६. <u>चालकसँग कुरा गर्न नहुनेः</u> सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन।

१२७. <u>चालकले मोबाइल वा विद्युतीय उपकरण प्रयोग गर्न नहुनेः</u> सवारी चलाइरहेको अवस्थामा चालकले मोबाइल वा ध्यान विकेन्द्रित गर्ने विद्युतीय उपकरण प्रयोग गर्नु हुँदैन ।

१२८. <u>फेला परेको मालसामान बुझाउनु पर्नेः</u> सार्वजनिक सवारीमा फेला परेको मालसामान सवारीको कर्मचारीले तत्काल सवारीधनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ । सवारीधनी वा व्यवस्थापकले मालसामान प्राप्त हुनासाथ नजिकको प्रहरी कार्यालयमा बुझाउनु पर्नेछ ।

१२९. <u>यात्री लिन इन्कार गर्न नहुनेः</u> मध्यम वा लामो दुरीमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले सिट खाली रहेको अवस्थामा यात्री लिन इन्कार गर्नु हुँदैन ।

१३०. <u>मन्त्रालयको विशेष अधिकारः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाँउमा यातायात सेवा सञ्चालन गर्नु पर्ने गरी मन्त्रालयले सञ्चालकलाई आदेश दिन सक्नेछ ।

## परिच्छेद –७

## आवागमन नियन्त्रण

१३१. **निर्धारित गतिको पालना:** (१) गति निर्धारण गरिएको स्थानमा निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन ।

(२) दमकल, एम्बुलेन्स, सुरक्षा निकाय तथा बिरामी लैजाने कामको सिलसिलामा सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्न विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गरी चलाइएको सवारीको हकमा उपदफा (१) को प्रावधानले वाधा पर्ने छैन ।

१३२. **सवारीको वजन हद निर्धारण:** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडकमा चल्ने सवारीको सुरक्षित एक्सल वजन र सवारी वजनको अधिकतम हद निर्धारण गर्न सक्नेछ ।

१३३. **सवारी चलाउन प्रतिबन्ध लगाउने:** (१) अधिकार प्राप्त अधिकारीले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको लागि कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिबन्ध लगाइएमा सोको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्नु पर्नेछ ।

१३४. **ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडान गर्ने:** (१) अधिकार प्राप्त अधिकारीले आवश्यक देखेको सार्वजनिक स्थानमा आवश्यक ट्राफिक सङ्केत टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू अधिकार प्राप्त अधिकारीले





तोकेको व्यक्ति बाहेक अरु कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्नु हुँदैन ।

१३५. **ट्राफिक सङ्केतको पालन गर्नु पर्ने:** (१) सवारी चालक, यात्री र पैदल यात्रीले ट्राफिक सङ्केतको पालना गर्नु पर्नेछ ।

(२) सवारी चालक, यात्री र पैदल यात्रीले पालन गर्नु पर्ने ट्राफिक सङ्केत तोकिए बमोजिम हुनेछन् ।

१३६. **रङ्गिन सिसा प्रयोग गर्न नहुने:** (१) कुनै पनि सवारीमा बाहिरबाट सवारीभित्र नदेखिने गरी रंगिन सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी रङ्गिन बनाउन पाइने छैन ।

(२) कसैले उपदफा (१) प्रतिकूलको काम गरेमा ट्राफिक प्रहरीले त्यस्तो सवारीलाई रङ्गिन सिसा वा सिसामा प्रयोग गरेको वस्तु नहटाएसम्म सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ ।

१३७. **पार्किङ्ग स्थल, बस बिसौनी र चार्जिङ स्टेशन निर्धारण गर्ने:** (१) अधिकार प्राप्त अधिकारीले सवारी पार्किङ्ग स्थल, बस बिसौनी र चार्जिङ स्टेशन निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पार्किङ्ग स्थल, बस बिसौनी र चार्जिङ स्टेशन निर्धारण गर्दा अधिकार प्राप्त अधिकारीले सम्बन्धित स्थानीय तह र ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।

(३) मन्त्रालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ्ग स्थल र चार्जिङ स्टेशन निर्माण तथा सञ्चालन गर्दा पालन गर्नु पर्ने मापदण्ड तोक्न सक्नेछ ।

१३८. <u>सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने:</u> (१) सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै पनि सवारी सार्वजनिक स्थानमा राख्नु हुदैन ।

(२) कुनै सवारी चलाउँदा चलाउँदै बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लैजान नसकिने भएमा सडकको बायाँ किनारा लगाई रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाइ राख्नु पर्नेछ ।

१३९. <u>सवारीको अन्य भागमा यात्री राख्न नहुने:</u> सवारी चालक वा सवारीधनी वा व्यवस्थापकले सवारीमा यात्री सिट बाहेक सवारीको अन्य भागमा यात्री राखी सवारी चलाउनु वा चलाउन लगाउनु हुँदैन ।

१४०. <u>चालकलाई बाधा पुग्ने काम गर्न नहुने:</u> कसैले चालकको क्षेत्र (ड्राइभर केविन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने व्यवहार गर्नु हुँदैन ।

१४१. <u>ट्राफिक प्रहरीलाई दुर्व्यवहार गर्न नहुने:</u> कर्तव्य पालनको सिलसिलामा खटिएका ट्राफिक प्रहरी वा यातायात निरीक्षकलाई हातपात वा दुर्व्यवहार गर्नु हुँदैन ।

१४२. <u>आवागमनमा बाधा पार्न नहुने:</u> (१) सार्वजनिक स्थानमा व्यक्ति वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा निर्माण सामाग्री राख्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत मालसामान राखिएमा ट्राफिक प्रहरीले प्रचलित कानुन बमोजिम जरिवाना वा जफत गर्न सक्नेछ ।





१४३. <u>सवारीलाई बाधा पुऱ्याउन नहुने:</u> कसैले पनि मार्ग इजाजत प्राप्त सवारीलाई इजाजतपत्रमा तोकिएको मार्गमा सञ्चालन गर्न कुनै किसिमको बाधा पुऱ्याउन पाइने छैन ।

१४४. <u>सडक पार गर्ने:</u> पैदल यात्रीले जेब्राक्रसिङ वा निर्धारित स्थानबाट सडक पार गर्नु पर्नेछ ।

१४५. <u>सडकमा खाल्डो खन्दा सङ्केत चिन्ह राख्नु पर्ने:</u> (१) कुनै काम परी सडकमा खाल्डो खन्दा वा कटान गर्दा सम्बन्धित कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खन्ने वा कटान गर्ने स्वीकृति दिँदा दुर्घटना नहुने किसिमबाट सङ्केत चिन्ह राख्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्य सम्पन्न भएपछि खनिएको सडक साविक अवस्था हुने गरी बनाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य भए नभएको स्वीकृति दिने निकायले यकिन गर्नु पर्नेछ।

१४६. <u>सवारीमा साङ्केतिक चिन्ह राख्नु पर्ने:</u> कुनै पनि किसिमको जोखिमयुक्त मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि देखिने गरी साङ्केतिक चिन्ह राख्नु पर्नेछ ।

१४७. <u>सिकारुले सवारी चलाएकोमा सङ्केत राख्नु पर्ने:</u> (१) सिकारुले सवारी चलाएकोमा त्यस्तो सवारी साधानको अगाडि र पछाडि भागमा कम्तीमा दश मिटर टाढैबाट प्रष्ट देख्न सक्ने गरी ठुलो अक्षरमा सिकारु भन्ने सङ्केत उल्लेख गर्नु पर्नेछ ।

(२) सिकारु व्यक्तिले राजमार्ग वा सहायक राजमार्ग बाहेकका सडकमा मात्र सवारी चलाउनु पर्नेछ ।

१४८. <u>सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने:</u> (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाइरहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन ।

१४९. <u>दुर्घटनामा परेका सवारी र यात्रीको हानिनोक्सानी गर्न नहुने:</u> कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने व्यक्तिलाई कुटपिट, दुर्व्यवहार वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानिनोक्सानी पुऱ्याउनु हुँदैन।

१५०. <u>सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनु पर्ने:</u> (१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सिटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ ।

(२) मोटर साइकल, स्कुटर, मोपेड, विद्युतीय स्कुटर/साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले तथा सो सवारीमा बस्ने व्यक्तिले सुरक्षा टोपी (हेल्मेट) लगाउनु पर्नेछ ।

१५१. <u>कागजात देखाउनु पर्ने:</u> (१) सवारी चालकले सवारी चलाउँदा सवारी दर्ता प्रमाणपत्र, मार्ग इजाजतपत्र र अन्य आवश्यक कागजात साथमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कुनै कागजात प्रहरी वा यातायात निरीक्षकले चेकजाँचको सिलसिलामा हेर्न





खोजेमा सवारी चालक, सवारीधनी वा व्यवस्थापकले देखाउनु पर्नेछ ।

१५२. <u>सवारी रोक्नु पर्ने:</u> सवारी चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोक्ने सङ्केत गरेमा आवश्यकता अनुसार उचित समयसम्म रोकी राख्नु पर्नेछः-

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने सम्भावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै व्यक्ति, जनावर वा सम्पत्तिको हानिनोक्सानी भएमा,

(घ) जेब्रा क्रसिङ, दोबाटो वा चौबाटो रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेमा ।

१५३. <u>दुर्घटनामा चालकको कर्तव्य:</u> (१) सवारी दुर्घटनामा परी व्यक्तिको जिउ ज्यानमा कुनै किसिमको खतरा वा चोटपटक पर्न गएमा सवारी चालक, परिचालक, वा अन्य कर्मचारीले घाइतेको उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटना भएको स्थानमा प्रहरी नभएमा चालक, परिचालक वा अन्य कर्मचारीले तुरुन्त दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

१५४. <u>आवश्यक सहयोग गर्नु पर्नेः</u> दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीलाई सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१५५. <u>दुर्घटना परेको सवारीको निरीक्षणः</u> प्रहरीले दुर्घटनाको छानबिनको लागि निरीक्षण गर्न आवश्यक देखेमा दुर्घटना परेको सवारी नियन्त्रणमा लिई वा सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ ।

१५६. <u>सवारी बायाँतिरबाट चलाउनु पर्नेः</u> सार्वजनिक सडकमा सवारी चलाउँदा सवारी चालकले तोकिएको सडक वा स्थान बाहेक अन्य सडकमा बायाँ किनार तर्फबाट चलाउनु पर्नेछ ।

१५७. <u>सवारीले संकेत दिनुपर्नेः</u> पछाडिको सवारीले उछिनी जानको लागि सङ्केत दिएमा अगाडिको सवारीले अवस्था अनुसार गति सिमित गरी अगाडि जानको लागि पछाडिको सवारीलाई सङ्केत गर्नु पर्नेछ।

१५८. <u>सडक पेटीमा हिड्नु पर्नेः</u> पैदलयात्रीले पेटी भएको सडकमा हिड्दा सडक पेटीमा हिड्नु पर्नेछ ।

तर पेटी नभएको सडकमा हिड्दा सो सडकको दायाँ किनाराबाट हिड्नु पर्नेछ ।

१५९. <u>घर पालुवा पशुपन्छी छाड्न नहुनेः</u> सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घर पालुवा पशुपन्छी छाड्न हुँदैन ।

तर काबु बाहिरको परिस्थितिमा पशुपन्छी सडकमा आएमा सवारीलाई बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट हटाउनु पर्नेछ ।

१६०. <u>घुम्ती निरीक्षकः</u> (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा





यातायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १८६ बमोजिमको काम कारबाही भएको देखेमा तत्काल यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ ।

१६१. <u>सवारी चालकले गर्न नहुने कामः</u> यस ऐनमा अन्यत्र लेखिएका कुराको अतिरिक्त सवारी चालकले देहायको काम गर्नु हुँदैनः-

(क) आफ्नो सवारी चालक अनुमतिपत्र अरुलाई प्रयोग गर्न दिन,

(ख) मादक पदार्थ वा अन्य लागु पदार्थ सेवन गरी सवारी चलाउन,

(ग) लापरवाही गरी सवारी चलाउन,

(घ) सवारीको पार्ट पूर्जा बिग्री वा अवस्था ठीक नभएको सवारी चलाउन,

(ङ) अँध्यारो वा कुहिरो लागेको समयमा सवारीको बत्ती नबाली सवारी चलाउन,

(च) अरुको सवारी चालक अनुमतिपत्र लिई सवारी चलाउन ।

१६२. <u>प्रचार प्रसार गर्नु पर्नेः</u> सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउन समय समयमा सम्बन्धित मन्त्रालयले सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी प्रचार प्रसार गर्नु पर्नेछ ।

## परिच्छेद –८

## बिमा सम्बन्धी व्यवस्था

१६३. **सवारीको बिमा गराउनु पर्नेः** (१) सवारीधनी वा व्यवस्थापकले तोकिए बमोजिम सवारीको बिमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिमा नगरेको सवारी दर्ता प्रमाणपत्र नवीकरण गरिने छैन र सार्वजनिक सवारी भए मार्ग इजाजतपत्र प्रदान गरिने छैन ।

१६४. **चालक, परिचालक, तथा अन्य कर्मचारीको बिमा** (१) यातायात सेवामा संलग्न सवारी चालक, परिचालक तथा अन्य कर्मचारीको तोकिए बमोजिमको रकमको दुर्घटना बिमा सवारीधनी वा व्यवस्थापकले गर्नु पर्नेछ ।

(२) सवारी दुर्घटनाबाट चालक, परिचालक, तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा बीमित रकम स्वयं वा नजिकको हकवालाले पाउनेछ ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक तथा अन्य कर्मचारीको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई हानिनोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बिमा रकम स्वयं वा नजिकको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१६५. **यात्रीको बिमाः** (१) यातायात सेवा सञ्चालन गर्ने सवारीधनी वा व्यवस्थापकले यात्रा गर्ने यात्रीको तोकिएको रकमको दुर्घटना बिमा गराउनु पर्नेछ ।





(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा निजले दुर्घटना बिमाको रकम पाउनेछ र मृत्यु भएमा नजिकको हकवालाले दुर्घटना बिमाको रकम पाउनेछ ।

(३) उपदफा (१) बमोजिम यात्रीको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना भई यात्रीलाई हानिनोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (२) बमोजिमको बिमा रकम निज वा निजको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१६६. **सामानको बिमाः** (१) यातायात सेवा सञ्चालन गर्ने सवारीधनी वा व्यवस्थापकले यात्री सामानको तोकिएको रकमको बिमा गराउनु पर्नेछ ।

(२) सामानको वास्तविक मूल्य जतिसुकै भए तापनि कुनै कारणबाट सामान हराए वा नष्ट भएमा उपदफा (१) बमोजिम गरिएको बिमा रकमभन्दा बढी सवारीधनी वा व्यवस्थापकले तिर्नु पर्ने छैन ।

तर बहुमूल्य सामानको हकमा पहिले जानकारी गराएको अवस्थामा बिमा रकमले नपुग्ने भएमा सवारीधनी वा व्यवस्थापकले थप क्षतिपूर्ति रकम दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सामानको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा सामान हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने बिमा रकम यात्री वा निजको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१६७. **तेस्रो पक्षको बिमा** (१) सवारी दुर्घटनाबाट तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा क्षतिपूर्ति दिने

प्रयोजनका लागि सवारीधनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्ष बिमा गराउनु पर्नेछ ।

(२) सवारी दुर्घटनाबाट तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सिभ बिमा नगराई चलाएको सवारी दुर्घटना भई तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सानी भएमा तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (२) बमोजिमको रकम सवारीधनी वा व्यवस्थापकले निज वा निजको हकवालालाई क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

१६८. <u>क्षतिपूर्तिको रकम भराई दिने:</u> यस ऐन बमोजिम बिमा नगराएको अवस्थामा दफा १६४ को उपदफा (३), दफा १६५ को उपदफा (३), दफा १६६ को उपदफा (३) र दफा १६७ को उपदफा (३) बमोजिम सवारीधनी वा व्यवस्थापकबाट भराउनु पर्ने क्षतिपूर्तिको रकम निजहरूबाट अधिकार प्राप्त अधिकारीले भराइदिनु पर्नेछ ।

## परिच्छेद–९

## <u>सवारी साधन कर तथा लिलाम सम्बन्धी व्यवस्था</u>

१६९. <u>कर बुझाउनु पर्ने:</u> (१) करदाताले प्रत्येक आर्थिक वर्षका लागि प्रचलित कानुन बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाई सक्नु पर्नेछ ।





(३) नयाँ दर्ता गरिने सवारी साधनको हकमा सवारी साधन दर्ता गराउनु अगावै जुन महिनामा भन्सार तिरी छुटाएको छ सोही महिनादेखिको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ ।

१७०. <u>नामसारी गर्नु अगावै कर तिर्नु पर्ने:</u> सवारी साधनको नामसारी गराउनु पर्दा सो अगावै प्रचलित कानुन बमोजिम कर तिर्नु पर्नेछ ।

१७१. <u>कर तिरेको प्रमाण हेर्नु पर्ने:</u> सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नु पर्नेछ ।

१७२. <u>जरिवाना गर्न सक्ने:</u> दफा १६९ बमोजिमको म्यादभित्र सवारी साधन कर नतिरेमा अधिकार प्राप्त अधिकारीले सवारी साधन करका अतिरिक्त देहाय बमोजिमको जरिवाना गर्नेछः-

(क) तिर्नु पर्ने म्याद नाघेको पहिलो तीस दिनसम्मलाई पाँच प्रतिशतका दरले,

(ख) त्यस पछिको पैंतालीस दिनसम्मलाई दश प्रतिशतका दरले,

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्तसम्मलाई बीस प्रतिशतका दरले,

(घ) त्यसपछिको पाँच वर्षसम्म प्रत्येक आर्थिक वर्षको लागि तीस प्रतिशतका दरले।

१७३. <u>लिलाम सम्बन्धी व्यवस्था:</u> (१) यस ऐन बमोजिम लाग्ने सवारी साधन कर र जरिवानाको रकम दफा १७२ को खण्ड (घ) मा तोकिएको म्यादभित्र नबुझाएमा सो सवारी साधन लिलाम बिक्री गरी रकम असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा सबै रकम असुल हुन नसकेमा प्रचलित कानुन बमोजिम सवारी धनीबाट बाँकी रकम असुल गरिनेछ ।

(३) उपदफा (१) बमोजिम कारबाही गरी असुल गर्दा असुल गर्नु पर्ने रकमभन्दा बढी रकम असुल हुन आएमा बढी भए जति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम एक वर्षभित्र सम्बन्धित करदाताले भुक्तानी लिन सक्नेछ । सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बाधिनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लिलाम वा अन्य सजाय कारबाही शुरु हुनुभन्दा अगावै करदाताले कर र जरिवानाको रकम बुझाउन ल्याएमा थप जरिवाना असुल गरिने छैन।

१७४. <u>पुनरावेदनः</u> यस ऐन अन्तर्गत तोकिएको अधिकृतले दिएको सवारी कर सम्बन्धी आदेशमा चित्त नबुझ्ने व्यक्तिले आदेश पाएको मितिले पैंतीस दिनभित्र आर्थिक मामिला मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद– १०

## संस्थागत व्यवस्था

१७५. <u>यातायात व्यवस्थापन समितिः</u> (१) सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्य रहने गरी यातायात व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय – अध्यक्ष





(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय – सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय – सदस्य

(घ) अधिकृत प्रतिनिधि, जिल्ला ट्राफिक प्रहरी कार्यालय – सदस्य

(ङ) प्रतिनिधि, उपभोक्ता संस्था –सदस्य

(च) प्रतिनिधि, यातायात व्यवसायी संघ –सदस्य

(छ) प्रतिनिधि, यातायात मजदुर संघ – सदस्य

(ज) अधिकृत, यातायात व्यवस्था कार्यालय –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यातायात सेवा निर्वाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा समन्वय गर्ने,

(ख) मार्ग कायम नभएको ठाँउमा अस्थायी मार्ग कायम गरी सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) सार्वजनिक सवारीले मार्ग इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने,

(घ) सार्वजनिक सवारीले जाँचपास र नियमित यातायात सेवा प्रदान गरे नगरेको निरीक्षण गर्ने गराउने,

(ङ) यात्रीको चाप र सवारीको संख्या अध्ययन गरी कुनै ठाउँमा सेवा सञ्चालन गर्नु पर्ने आवश्क देखेमा मार्ग निर्धारण गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम गर्ने ।

१७६. **परीक्षा समितिः** (१) दफा ५३ बमोजिम सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा सञ्चालन र व्यवस्थापन गर्न देहायको परीक्षा समिति रहनेछः-

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय –अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय –सदस्य

(ग) कार्यालयले तोकेको प्राविधिक विशेषज्ञ –सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा सञ्चालन र व्यवस्थापन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।





(४) उपदफा (१) बमोजिमको समितिले सवारी चालकका लागि लिने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१७७. **प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप र चार्जिङ स्टेसन सञ्चालन गर्न अनुमति लिनु पर्नेः** (१) मन्त्रालय वा स्थानीय तहले आफ्नै सवारी चालक प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) सवारी चालक प्रशिक्षण केन्द्र, सवारी साधनको बडी निर्माण गर्ने कारखाना, अटोमोबाइल वर्कशप, चार्जिङ स्टेशन सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दिने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालनको लागि तोकेको मापदण्ड पूरा गरेमा मन्त्रालयले पाँच वर्षको लागि अनुमति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र तोकिए बमोजिमको दस्तुर बुझाई सम्बन्धित कार्यालयमा नवीकरण गर्न निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा कार्यालयले तोकेको कर्मचारीबाट प्राविधिक प्रतिवेदन लिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदन मनासिब देखिएमा कार्यालयले निवेदकको अनुमतिपत्र नवीकरण गरी दिनु पर्नेछ ।

(८) प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१७८. **प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेसनको अनुमतिपत्र निलम्बन वा खारेज हुने:** (१) प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप वा चार्जिङ स्टेशन सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरेमा कार्यालयले जुनसुकै बखत सुधारका लागि निर्देशन दिई अनुमतिपत्र निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन कार्यान्वयन नगरेमा कार्यालयले अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

१७९. **एसेम्बल्ड सवारीको उत्पादन गर्न अनुमति लिनु पर्ने:** (१) सवारी साधनको पार्टपूर्जा आयात गरी एसेम्बल्ड सवारीको उत्पादन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिई उत्पादित सवारीको क्षमता प्रमाणपत्र (रोड ओर्डिनेस सर्टिफिकेट) तोकिए बमोजिम प्रमाणित गर्नु पर्नेछ ।

१८०. **हानिनोक्सानी पुऱ्याउन नहुने:** कसैले सवारी रोक्ने, तोडफोड गर्ने वा सवारीमा रहेका मालसामानलाई कुनै हानिनोक्सानी पुऱ्याउने कार्य गर्न, गराउन हुँदैन ।





## परिच्छेद –११

## सजाय सम्बन्धी व्यवस्था

१८१. **दण्ड सजाय:** (१) दर्ताको प्रमाण पत्रमा उल्लिखित वास्तविक नम्बर प्लेट नराखी अर्कै नम्बर प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउने वा गलत विवरण पेश गरी दर्ता गराउनेलाई अधिकार प्राप्त अधिकारीले पन्ध्र हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा सवारी जफत गर्न सक्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको कार्य गर्ने गराउनेलाई देहायको सजाय गर्न सक्नेछः-

(क) दफा १४० विपरीत कार्य गर्ने गराउनेलाई पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा १७, ४९, १०८ वा १३२ विपरीत कार्य गर्ने गराउनेलाई पाँच हजार देखि दश हजार रुपैयाँसम्म जरिवाना,

(ग) दफा १९, ३३, ४१, ४२, ८५, ९९, १२४, १४२ वा १४९ विपरीत कार्य गर्ने गराउनेलाई सात हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना,

(घ) दफा १७७ विपरीत कार्य गर्ने गराउनेलाई दश हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेशको विपरीत कार्य गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले दुई हजारदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा १४१ विपरीत कार्य गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) दफा १४३ विपरीत हुने गरी कार्य गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले दशहजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) दफा १८० विपरीत कार्य गर्नेलाई अधिकार प्राप्त अधिकारीले दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१८२. <u>ज्यान मारेमा हुने सजायः</u> (१) कसैले सवारी चलाइ कुनै व्यक्तिलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराइ सवारीभित्र वा बाहिर रहेको व्यक्ति सो दुर्घटनाको कारणबाट मृत्यु भएमा सवारी चलाउने व्यक्तिलाई प्रचलित संघीय कानून बमोजिमको सजाय हुनेछ ।

(२) कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेमा ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिँदा देखिँदै पनि अपनाउनु पर्ने सतर्कता नअपनाई कसैले लापरबाही गरी कुनै सवारी चलाउँदा कुनै व्यक्तिलाई किची, ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको व्यक्ति त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरुप एक्काईस दिनभित्र मृत्यु भएमा त्यसरी





सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(४) सवारी चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाइ उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप पचास हजार रुपैयाँ जरिवाना हुनेछ ।

तर सर्वस्वहित जन्मकैद हुनेमा त्यस्तो थप जरिवाना हुने छैन ।

(५) कुनै सवारीधनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै व्यक्तिलाई किची, ठक्कर दिई वा दुर्घटना भई सो व्यक्तिको मृत्यु भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(६) दफा १५९ विपरीत घरपालुवा पशुपन्छी सडकमा छाडी सोका कारण सवारी दुर्घटना भई सवारीभित्र वा बाहिर रहेका व्यक्तिको मृत्यु भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो पशुपन्छीको मालिकलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्नेछ र प्रचलित संघीय कानून बमोजिम त्यस्तो मालिकलाई अदालतले कैद सजाय गर्न सक्नेछ ।

१८३. <u>अङ्गभङ्ग भएमा हुने सजायः</u> (१) कसैले कुनै सवारी चलाएबाट कुनै व्यक्तिलाई किची, ठक्कर दिई वा दुर्घटना भई सवारीभित्र वा बाहिर रहेको व्यक्ति सो दुर्घटनाको कारणबाट दृष्टिविहीन वा नपुंसक हुनेगरी अङ्गभङ्ग भएमा त्यसरी सवारी चलाउने व्यक्तिलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित बाहेक अन्य कुनै अङ्ग बेकम्मा भएमा प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(३) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) बमोजिमको कसुर गरेमा निजलाई पचास हजार रुपैयाँ थप जरिवाना हुनेछ ।

(४) कुनै सवारीधनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै व्यक्तिलाई किची, ठक्कर दिई दुर्घटना भई सवारीभित्र वा बाहिर रहेको व्यक्तिको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई पचास हजार रुपैयाँ जरिवाना हुनेछ ।

१८४. <u>घा खर्च, किरिया खर्च र क्षतिपूर्ति भराइ दिने:</u> (१) सवारी दुर्घटनाबाट कसैलाई हानिनोक्सानी पुगेमा पीडित व्यक्तिलाई देहायको घा खर्च, किरिया खर्च र क्षतिपूर्तिको रकम चालक, सवारीधनी वा व्यवस्थापकबाट भराइ दिनु पर्नेछः-

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई किरिया खर्च बापत पचास हजार रुपैयाँ र क्षतिपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बिमा रकमको अतिरिक्त थप एकलाख रुपैयाँ,

(ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सोको क्षतिपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन





बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बिमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्च बापत पच्चीस हजार रुपैयाँ।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको मृत्यु भएमा निजको हकवालालाई किरिया खर्च, क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएकोमा घा खर्चको रकम उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले तत्कालै सवारी चालक, सवारीधनी वा व्यवस्थापकबाट भराइ दिनु पर्नेछ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको बर्खिलाप हुने गरी सवारी चलाइ दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधी खर्च बापत अधिकार प्राप्त अधिकारीले चोटपटकको अवस्था हेरी चालक, सवारीधनी वा व्यवस्थापकबाट पच्चीस हजार रुपैयाँ भराइ दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम चोटपटक लागेको व्यक्तिलाई सरकारी अस्पताल वा सो अस्पतालमा उपचार हुन नसकी अन्य अस्पतालमा सिफारिस भएमा उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च सवारीधनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ र त्यस्तो चोटपटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधी खर्च बापत भराइ दिएको रकम कट्टी गरी बाँकी पाउने रकम दिइनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, किरिया खर्च र

क्षतिपूर्तिको कुल रकमको पन्ध्र प्रतिशतभन्दा बढी चालकबाट भराइने छैन ।

(६) उपदफा (१) वा (२) बमोजिम बुझाउनु पर्ने किरिया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानुन बमोजिम निजको जायजातबाट पनि असुल हुन नसके जति रुपैयाँ निजबाट असुल भएको जरिवानाबाट भराइ दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम बिमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति बापतको रकम यथाशीघ्र भराइ दिनु पर्नेछ ।

१८५. <u>कसुरको अनुसन्धान र तहकिकातः</u> (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कसुर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी परी वा अन्य कुनै तरिकाबाट प्रदेश सरकारलाई जानकारी हुन आएमा प्रदेश सरकारले कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको अधिकृतलाई अनुसन्धान अधिकृत तोकी सो सम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कसुरको अनुसन्धान तथा तहकिकातका क्रममा सबुत प्रमाण संकलन गर्दा कसुरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, जुनसुकै स्थानको खानतलासी लिने, सम्बन्धित कागजात वा अन्य वस्तु आफ्नो जिम्मामा लिने, बयान गराउने र मुचुल्का तयार गर्ने समेत प्रचलित कानुन बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अनुसन्धान अधिकृतलाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराइ तत्काल प्राप्त प्रमाणबाट कैद हुने कसुरदार हो भन्ने पर्याप्त आधार देखिएमा तारेखमा राख्न,





धरौटी वा जमानत लिई छाड्न जिल्ला सरकारी वकिलको राय परामर्शमा संघीय कानून बमोजिम अनुसन्धान गर्ने निकाय समक्ष पठाउनु पर्नेछ ।

(४) यस दफा बमोजिमको कार्य गर्दा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु प्रहरी लगायत सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१८६. <u>अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्नेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर पहिलो पटक गर्नेलाई एक हजार पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई दुई हजार रुपैयाँ र तेस्रो पटक वा सो भन्दा बढी गर्नेलाई दुई हजार पाँच सय रुपैयाँ अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृतले अभिलेख राखी तत्काल जरिवाना गर्न सक्नेछः-

(क) असुरक्षित सवारी चलाएमा,

(ख) ट्राफिक चिन्ह उल्लङ्घन गरी सवारी चलाएमा,

(ग) अरुलाई हानि पुग्ने गरी लापरवाही गरी सवारी चलाएमा,

(घ) स्वीकृत एक्सेलभन्दा बढी तौलको गाडी चलाएमा,

(ङ) ओभरटेक गर्न नहुने ठाउँमा वा असुरक्षित ठाउँमा ओभरटेक गरेमा,

(च) मूल सडक, जक्सन आउँदा नरोकी सवारी चलाएमा,

(छ) जेब्रा क्रसिङ्गमा पैदल यात्री सडक पार गरेको अवस्थामा सवारी नरोकी चलाएमा,

(ज) लेन अनुसार सवारी नचलाएमा वा सङ्केत नदिई लेन परिवर्तन गरेमा वा सवारी मोडेमा,

(झ) सेन्टरको डवललाइन क्रस गरी सवारी चलाएमा,

(ञ) फुटपाथमा सवारी चलाएमा,

(ट) जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा,

(ठ) ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गरेमा वा डिभाइसमा व्यापारिक विज्ञापन टाँस गरेमा,

(ड) राति बत्ती नबाली सवारी चलाएमा,

(ढ) सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुने गरी सामान ढुवानी गरेमा

(ण) एकतर्फी सडकमा विपरीत दिशाबाट गाडी चलाएमा,

(त) स्वीकृतभन्दा बढी यात्री संख्या एवं बढी तौलको सामान ढुवानी गरेमा,

(थ) प्रशिक्षण अवधिमा अर्को व्यक्ति साथमा राखी दुई पाङ्ग्रे सवारी चलाएमा,

(द) दुई पाङ्ग्रे सवारीमा चालक सहित दुई जनाभन्दा बढी राखी चलाएमा,



खण्ड ६ ) अतिरिक्ताङ्क १०, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।२३

(ध) सिट बेल्ट वा हेलमेट नलगाइ सवारी चलाएमा,

(न) ट्राफिक इशारा उल्लङ्घन गरेमा,

(प) अनुमति बाहेकको काममा सवारी प्रयोग गरेमा,

(फ) प्रशिक्षण अवधिमा तोकिएको किसिमभन्दा अर्को सवारी चलाएमा,

(ब) तोकिएको बिसौनीभन्दा फरक ठाउँमा रोकी यात्री ओराले वा चढाएमा,

(भ) रोड परमिट बिना सवारी साधन चलाएमा,

(म) यात्रीलाई टिकट नदिई यात्रा गराएमा,

(य) चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्ने काम गरेमा,

(र) दुर्घटना पछि पालन गर्नु पर्ने कर्तव्य पालन नगरेमा,

(ल) पार्किङ निषेध भएको ठाउँमा पार्किङ गरेमा वा अरु गाडीलाई आवागमनमा बाधा पुग्ने गरी पार्किङ गरेमा,

(व) सवारी चालक अनुमतिपत्र साथमा नलिई सवारी चलाएमा,

(श) सवारी चालक अनुमतिपत्र निलम्बन भएको बेलामा सवारी चलाएमा,

(ष) दर्ता नभएको सवारी चलाएमा,

(स) अधिकार प्राप्त अधिकारीले मागेको आवश्यक कागजात नदेखाएमा,

(ह) ट्याक्सीले मिटरमा देखाएकोभन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा,

(क्ष) एम्बुलेन्स, वारुण यन्त्र जस्ता आपतकालीन प्रकृतिका सवारीलाई साइड नदिएमा,

(त्र) सवारी चलाउँदा मोबाइल वा एअरफोन प्रयोग गरेमा,

(ज्ञ) सवारी साधनमा चालक, परिचालकले अश्लिल व्यवहार गरेमा,

(क१) राति एउटा मात्र बत्ती बाली सवारी चलाएमा,

(क२) बिच सडकमा बिग्रेको सवारी छाडी आवागमनमा बाधा पुऱ्याएमा,

(क३) नियतवश अन्य सवारीको अगाडि वा पछाडिबाट बाधा पुऱ्याएमा,

(क४) यात्रीलाई अभद्र व्यवहार तथा गाली बेइज्जत गरी अपमान गरेमा,

(क५) हर्न निषेधित ठाउँमा हर्न बजाएमा,

(क६) छोटो, मध्यम तथा लामो दुरीको सार्वजनिक सवारीमा जिपिएस नराखेमा,

(क७) सवारी नियम उल्लङ्घन गरेका सवारी साधनलाई सो स्थानबाट हटाउन परेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर पहिलो पटक गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रो पटक वा सो भन्दा बढी गर्नेलाई एक हजार पाँच सय रुपैयाँ





अधिकार प्राप्त अधिकारी वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृतले अभिलेख राखी तत्काल जरिवाना गर्न सक्नेछः-

(क) यात्रीले जेब्रा क्रसिङ्ग, आकाशेपुल वा अण्डर ग्राउण्ड क्रसिङ भएको ठाउँबाट मार्ग नकाटेर अन्य ठाउँबाट मार्ग काटेमा,

(ख) ट्राफिक सिग्नल एवं ट्राफिक इसारा नमानी सडकमा हिडेमा,

(ग) सडकमा फोहोर फालेमा,

(घ) सडक सिमाभित्र अनुमति बिना कुनै किसिमको सूचना वा स्ट्रक्चर खडा गर्नेलाई,

(ङ) अनुमति बिना एक्सेस रोड प्राइभेट ड्रेन राख्नेलाई,

(च) चलिरहेको गाडीमा झुन्डिए वा चढेमा

(छ) गाडी समातेर साइकल चलाएमा,

(३) उपदफा (१) र (२) बमोजिम गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनेछ।

(४) उपदफा (३) बमोजिमको पूर्जी दिँदा त्यस्तो पूर्जीको नक्कल प्रतिमा सो पूर्जी बुझ्नेको दस्तखत गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको अवधिभित्र अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो

जरिवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एकहजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारीधनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्म निलम्बन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम निलम्बन गरिएको अवधिभित्र जरिवाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

## परिच्छेद – १२

## प्रदेश सार्वजनिक यातायात सञ्चालन

१८७. <u>प्रदेश सार्वजनिक यातायातः</u> (१) प्रदेश सरकारले नागरिकलाई सरल, सुलभ र सुविधायुक्त सार्वजनिक यातायात सेवाको सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि आवश्यकता अनुसार सुरक्षित, गुणस्तरीय, आधुनिक र ठुला सार्वजनिक सवारी साधन सञ्चालन गर्ने व्यवस्था गर्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवा निजी वा सहकारी संस्थासँग संयुक्त लगानीमा सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक यातायात सञ्चालन गर्दा वातावरण मैत्री तथा विद्युतीय सवारीलाई प्राथमिकता दिनु पर्नेछ ।





(५) उपदफा (१) बमोजिमको सेवालाई प्रदेश सरकारले तोके बमोजिम छुट एवं सहुलियत प्रदान गर्न सक्नेछ ।

(६) सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –१३

## विविध

१८८. <u>सवारीधनी वा व्यवस्थापकले तिर्नु पर्नेः</u> कुनै सवारी चालकले लापरवाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिवाना, उपचार खर्च, किरिया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारीधनी वा व्यवस्थापकले तिर्नु पर्नेछ ।

१८९. <u>क्षतिपूर्ति दिनु पर्नेः</u> सवारी साधन आपसमा ठोकिंदा हुन गएको क्षति वापत ट्राफिक नियम उल्लङ्घन गर्ने पक्षले अर्को पक्षलाई दफा १८४ बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

१९०. <u>सजाय नहुनेः</u> दफा १८२ र १८३ मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानिनोक्सानी पुग्न गएको रहेछ भने सवारी चालकलाई कुनै सजाय हुने छैन ।

१९१. <u>प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायातलाई व्यवस्थित गर्न चक्रिय प्रणाली वा यस्तै अन्य नियन्त्रणात्मक प्रणाली अन्तर्गत

यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन ।

१९२. <u>कम्पनीमा दर्ता गर्नु पर्ने:</u> (१) सार्वजनिक यातायातका सवारी साधन सञ्चालन गर्दा यस ऐन र प्रचलित कानुन बमोजिम कम्पनीको रुपमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९३. <u>सुख्खा बन्दरगाह सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश सरकारले उपयुक्त स्थानमा सुख्खा बन्दरगाह निर्माण र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुख्खा बन्दरगाह सरकारी, सार्वजनिक, सहकारी वा संयुक्त लगानीमा निर्माण तथा सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सुख्खा बन्दरगाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९४. <u>निर्देशन दिन सक्ने:</u> प्रदेश सरकार वा मन्त्रालयले यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी र यातायात व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालना गर्नु निजको कर्तव्य हुनेछ ।

१९५. <u>अधिकार प्रत्यायोजन:</u> यस ऐन बमोजिम मन्त्रालयले वा अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार समिति, अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ ।



खण्ड ६ ) अतिरिक्ताङ्क १०, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।२३

१९६. <u>पुनरावेदन:</u> (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन दिनु पर्नेछ ।

१९७. <u>उजूर गर्ने हदम्याद र पुनरावेदन म्याद:</u> दफा १८२ र १८३ अन्तर्गतको कसुरमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

१९८. <u>सहयोग गर्नु पर्ने:</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले वा यातायात निरीक्षकले कुनै सहयोग मागेमा निजलाई त्यस्तो सहयोग गर्ने कर्तव्य सबैको हुनेछ ।

१९९. <u>अन्य सवारी साधनको चालकले यस ऐनको पालना गर्नु पर्ने:</u> यस ऐन बमोजिम दर्ता गर्नु नपर्ने वा चालक अनुमतिपत्र लिन नपर्ने सवारीको रूपमा प्रयोग हुने साइकल, रिक्सा, ठेला जस्ता सवारी साधन चलाउदा दफा १३५ बमोजिम ट्राफिक सङ्केतको पालना गर्नु पर्नेछ ।

२००. <u>असल नियतले गरेको कामको बचाउ:</u> अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, यातायात निरीक्षक, प्रहरी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको कार्यमा निज व्यक्तिगत रूपमा जवाफदेही हुने छैन ।

२०१. <u>विशेष अधिकार:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागु नहुने गरी प्रदेश सरकारले छूट दिन सक्नेछ ।

२०२. **सरकारवादी हुनेः** दफा १४२, १४३, १४९, १५९, १८०, १८२ र १८३ अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ ।

२०३. **दुर्घटनाको अभिलेख राख्नु पर्नेः** प्रहरीले जुनसुकै दुर्घटनाको सम्बन्धमा तोकिएको ढाँचामा फर्म भरी विद्युतीय प्रविधि प्रयोग गरी सम्बन्धित प्रहरी र यातायात व्यवस्था कार्यालयमा तत्काल पठाउनु पर्नेछ । सोको सहजीकरणका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्ने**छ** ।

२०४. **परिचयपत्रको व्यवस्था गर्नु पर्नेः** सार्वजनिक यातायातलाई व्यवस्थित गर्न सम्बन्धित यातायात व्यवसायीले आफ्ना कर्मचारी तथा मजदुरको लागि परिचयपत्र तथा पोशाक उपलब्ध गराउनु पर्नेछ।

२०५. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

२०६. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

२०७. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२०८. **कार्यविधि वा निर्देशिका र मापदण्ड बनाउने अधिकार** : (१) दफा २०७ बमोजिम बनेको नियमको अधीनमा रही भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयले बनाएको कार्यविधि, निर्देशिका र मापदण्ड प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।





## अनुसूची-१
### (दफा ३, ४, ५, ६ र ८ सँग सम्बन्धित)
### सवारीको वर्गीकरण

**खण्ड (क) (दफा ३ सँग सम्बन्धित)**

ठुला सवारीः- बस, ट्रक, ट्याङ्कर, दमकल, टिप्पर, डोजर, लोडर, डम्फर, क्रेन, रोलर आदि ।

**खण्ड (ख) (दफा ४ सँग सम्बन्धित)**

मझौला सवारीः- मिनिबस, मिनिट्रक, भ्यान, ट्र्याक्टर आदि ।

**खण्ड (ग) (दफा ५ सँग सम्बन्धित)**

साना सवारीः- कार, माइक्रो, जिप, भ्यान, पिकअप, टेम्पो, ई-रिक्सा, पावर टिलर आदि ।

**खण्ड (घ) (दफा ६ सँग सम्बन्धित)**

दुई पाङ्ग्रे सवारीः- मोटरसाइकल, स्कुटर, मोपेड, विद्युतीय दुई पाङ्ग्रे सवारी आदि ।

**खण्ड (ङ) (दफा ७ सँग सम्बन्धित)**

तीन पाङ्ग्रे सवारीः- टेम्पो, ई-रिक्सा, अटो रिक्सा आदि ।

**खण्ड (च) (दफा ८ सँग सम्बन्धित)**

निर्माण उपकरण सवारीः- स्काभेटर, डोजर, लोडर, रोलर, डम्फर, क्रेन आदी ।

## अनुसूची-२

**(दफा ११, १२, १३,१४, १५ र १६ सँग सम्बन्धित)**

**सवारीको नम्बर प्लेट**

**(क) सार्वजनिक सवारी (दफा ११ को उपदफा (५) सँग सम्बन्धित):-**
कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ ।

**(ख) पर्यटक सवारी (दफा १२ को उपदफा (२) सँग सम्बन्धित):-**
हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**(ग) गैर व्यवसायिक सवारी (दफा १३ को उपदफा (३) सँग सम्बन्धित):-**
रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**(घ) सरकारी सवारी (दफा १४ को उपदफा (२) सँग सम्बन्धित):-**
सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**(ङ) संस्थानको सवारी (दफा १५ को उपदफा (२) सँग सम्बन्धित):-**
पहेंलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**(च) कूटनीतिक सवारी (दफा १६ को उपदफा (२) सँग सम्बन्धित):-**
नीलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**द्रष्टव्यः**

1. ठुला, मझौला तथा साना (चार पाङ्ग्रे/तीन पाङ्ग्रे/दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको साइज देहाय बमोजिम हुनेछः-





| सि.नं. | सवारीको वर्गीकरण | नम्बर प्लेटको साईज (अगाडि) | नम्बर प्लेटको साईज (पछाडि) |
|---|---|---|---|
| १. | ठुला सवारी | ५२०x११० मिलीमिटर | ३४०x२०० मिलीमिटर |
| २. | मझौला तथा साना (चार पाङ्ग्रे) सवारी | ४३०x११० मिलीमिटर | २८०x१८० मिलीमिटर |
| ३. | साना (तीन पाङ्ग्रे) सवारी | २४०x१३० मिलीमिटर | २४०x१३० मिलीमिटर |
| ४. | साना (दुई पाङ्ग्रे) सवारी | ३००x८० मिलीमिटर | २४०x१३० मिलीमिटर |

2. ठुला, मझौला तथा साना (चार पाङ्ग्रे/तीन पाङ्ग्रे/दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटमा लेखिने अक्षर र अङ्कको उचाइ, चौडाइ र तिनीहरू बिचको दूरी मिलीमिटर (मी.मी.) मा देहाय बमोजिम हुनेछः-

| सि.नं. | सवारीको वर्गीकरण | अक्षरको उचाइ चौडाइ (अगाडि) | अङ्कको उचाइ चौडाइ (अगाडि) | अक्षरको उचाइ चौडाइ (पछाडि) | अङ्कको उचाइ चौडाइ (पछाडि) | अक्षर अक्षर बिचको दूरी (अगाडि) | अङ्क अङ्क बिचको दूरी (पछाडि) |
|---|---|---|---|---|---|---|---|
| १. | ठुला सवारी | उचाइ ५५ र चौडाइ ३५ | उचाइ ५५ र चौडाइ ३२ | उचाइ ६५ र चौडाइ ४१.५ | उचाइ ६५ र चौडाइ ३९ | अगाडि ८ पछाडि ८.५ | अगाडि ८ पछाडि ८ |
| २. | मझौल तथा साना (चार पाङ्ग्रे) सवारी | उचाइ ५५ र चौडाइ ३५ | उचाइ ५५ र चौडाइ ३२ | उचाइ ६५ र चौडाइ ४१.५ | उचाइ ६५ र चौडाइ ३९ | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | साना (तीन पाङ्ग्रे) सवारी | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ४. | साना (दुई पाङ्ग्रे) सवारी | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |

3. ठुला, मझौला तथा साना (चार पाङ्ग्रे/तीन पाङ्ग्रे/दुई पाङ्ग्रे) सवारी साधनहरूको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको चारैतिर १५ मिलिमिटर छाडेर अक्षर र अङ्क लेखु पर्नेछ ।

   तर साना (दुई पाङ्ग्रे) सवारी साधनको प्लेटमा १२ मिलिमिटर छाडेर अक्षर र अङ्क लेखु पर्नेछ।

4. बिहानीको सूर्यको किरण परेको लालिमा सगरमाथाको तस्वीर उल्लेखित रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरएफआइडी) एन्टेना ८ देखि १० मीटरको दूरीबाटै रेडियो फ्रिक्वेन्सी आइटेन्टिफिकेशन डिभाइस (आरएफआइडी) रिडरले रिड गर्न सक्ने १०५ मिलीमिटर लम्बाई, ७० मिलीमिटर चौडाइ र पोलिस्टर फिल्म कम्तीमा ५० माइक्रोनको ठुला, मझौला तथा साना (चार पाङ्ग्रे/तीन पाङ्ग्रे/दुई पाङ्ग्रे) सवारी साधनको अगाडिको विन्ड स्क्रिनमा जडान भएको हुनु पर्नेछ ।

   तर साना (दुई पाङ्ग्रे) सवारी साधनको हकमा भने रेडियोफ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरएफआइडी) सिट ट्याग पछाडि पट्टिको नम्बर प्लेटमा जडान गर्नु पर्नेछ ।





**अनुसूची-३**

**(दफा २१ सँग सम्बन्धित)**

**सवारी दर्ता प्रमाणपत्रको ढाँचा**

**सुदूरपश्चिम प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय........................**

सवारी दर्ता नं.:-

सवारीको किसिमः-

दर्ता मितिः-

सवारी धनीको नाम, थरः-

ठेगानाः-

सवारी धनीको हस्ताक्षरः- ...................... अधिकृतको सहीः-............

सवारी धनीको फोटो

दर्ता गर्ने अधिकारीको हस्ताक्षरः-

मितिः-

नामसारी भएको मितिः-.......................

सवारी धनीको फोटो

सवारी धनीको नाम, थर, वतनः-.........................

नाम सारी गर्ने अधिकारीको हस्ताक्षरः-

प्रमाणपत्रको नवीकरण

| नवीकरण गरेको मिति | नवीकरण म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

सवारीको विस्तृत विवरणः-

1. कम्पनीको नामः
2. सवारीको मोडेल (साल):
3. सिलिण्डर संख्याः
4. हर्ष पावर सि.सि.
5. चेसिस नम्बरः
6. इन्जिन नम्बरः
7. सवारीको रङ्गः
8. सिट क्षमता (चालक सहित):
9. वजनः
10. पेट्रोल/डिजेलः
11. रेडियो, क्यासेट प्लेयर, टेलिफोन आदी छ छैनः
12. कुन कम्पनी वा व्यक्तिबाट खरिद गरेको हो सो कम्पनी वा व्यक्तिको नामः
13. प्रयोगः
14. चलाउने क्षेत्रः
15. भन्सार निस्साः

<u>सवारी जाँचेको</u>

| सवारी जाँचेको मिति | नवीकरणको म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|
| | | | |



खण्ड ६ ) अतिरिक्ताङ्क १०, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।२३

**अनुसूची-४**

**(दफा २६ सँग सम्बन्धित)**

**सुदूरपश्चिम प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय............................**

पत्र संख्याः

मितिः

चलानी नं.

**विषयः- अस्थायी दर्ता नम्बर ।**

श्री ................................

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनी .............................. ले यस कार्यालयमा मिति २० / / मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणको आधारमा निम्न बमोजिम विवरण भएको सवारी तोकिएको अवधिसम्मको लागि अस्थायी दर्ता नम्बर दिइएको छ ।

1. सवारीधनीको नाम, थर, वतनः
2. दिइएको अस्थायी नम्बरः
3. अस्थायी नम्बरको अवधिः
4. भन्सारको निस्साः
5. सवारी निर्माताः
6. सवारीको किसिमः
7. सिलिण्डर संख्याः
8. हर्स पावर सि.सि.:
9. चेसिस नम्बरः
10. इन्जिन नम्बरः

11. सवारीको रङः
12. सिट क्षमता (चालक सहित):
13. वजनः
14. पेट्रोल/डिजेलः
15. सवारीको पुरानो प्लेट नम्बरः





**अनुसूची-५**

**(दफा ५३ सँग सम्बन्धित)**

**सुदूरपश्चिम प्रदेश सरकार**

**Government of Sudurpashchim Province**

सवारी चालक अनुमतिपत्र

**Driving Licence**

Photo

नम्बरः
Number

नामः
Name

जन्म मितिः
Date of Birth

बाबु/ आमाः
Father/Mother

ठेगानाः
Address:

ना.प्र.नं.:
Ctz. No.

रक्त समूहः
Blood Group

जारी मितिः
Date of Issue

म्याद समाप्त मितिः
Expiry Date

तपाईलाई निम्न बमोजिमको सवारीको चालक अनुमतिपत्र दिइएको छः

The Holder of this Licence is authorised to drive the following vehicles.

| | | | |
|---|---|---|---|
| क. A | मोटर साइकल, स्कुटर, मोपेड Motorcycle, Scotter,Moped | च. F | मिनिबस, मिनिट्रक Minibus, Minitruck |
| ख. B | कार, जिप, डेलिभरी भ्यान Car, Jeep, Delivery Van | छ. G | ट्रक, बस, लहरी Truck, Bus, Lorry |

| | | | |
|---|---|---|---|
| ग.<br>C | टेम्पो, अटोरिक्सा<br>Tempo, Autoricksha | ज.<br>H | रोडरोलर, डोजर<br>Road Roller, Dozer |
| घ.<br>D | पावर टिलर<br>Power Tillar | झ.<br>I | क्रेन, दमकल, लोडर<br>Crane, Fire brigade, Loader |
| ङ.<br>E | ट्र्याक्टर<br>Tractor | ञ.<br>J | अन्य<br>Other |

जारी गर्ने अधिकारी
Issued by

सवारी चालकको दस्तखत
Licence holder's signature

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारबाही Offences





**अनुसूची-६**

**(दफा ७१ सँग सम्बन्धित)**

सुदूरपश्चिम प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय................................

**सवारी परिचालक अनुमतिपत्र**

अ. पत्र. नं.

| जारी मिति | म्याद समाप्त मिति |
|---|---|
| | |

फोटो

नामः

ना.प्र.नं./पासपोर्ट नंः

बाबु/आमाको नामः

ठेगानाः

रक्त समूहः

| | |
|---|---|
| तपाईलाई निम्न बमोजिमको सवारीहरूको परिचालक अनुमतिपत्र दिइएको छ ।<br>(क) बस<br>(ख) मिनिबस<br>(ग) ट्रक | सवारी चालकको दस्तखतः............ |

अधिकारीको दस्तखतः-

अनुसूची-७

(दफा ८७ सँग सम्बन्धित)

**मार्ग इजाजतपत्रको ढाँचा**

**सुदूरपश्चिम प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

यातायात व्यवस्था कार्यालय..................

इजाजत दिने अधिकारीकोः

नामः

पदः

दस्तखतः

मितिः

चेसिसको लम्बाईः

इन्जिन नम्बरः

मोडेलः

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगानाः

बडी तयार गर्ने कारखानाको नाम र ठेगानाः

इजाजतपत्र नं.:

सवारीको किसिमः

सवारीधनी वा व्यवस्थापकको नाम र ठेगानाः

सवारीधनी वा व्यवस्थापकको दस्तखतः

सवारीको किसिमः

क्षमता ...................सवारी नम्बरः

चेसिस नम्बरः





**नामसारी**

२० । । को निवेदन र मिति २० । । को दर्ता प्रमाणपत्र अनुसार श्री ......................................... को नामबाट .........................................बस्ने श्री ........................................को नाममा नामसारी गरिएको छ ।

अधिकारीको दस्तखतः

मितिः

| इजाजतपत्र पाएको क्षेत्र | बहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

## अनुसूची-८

(दफा १०८ को उपदफा (३) सँग सम्बन्धित)

**यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा**

**सुदूरपश्चिम प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय, ..................**

दर्ता नंः-

दर्ता मितिः-

मुख्य व्यक्तिको फोटो

सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७९ को दफा १०८ अनुसार  देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ ।

१. व्यक्ति/फर्म/कम्पनीको नामः
२. ठेगानाः
३. सेवा सञ्चालन हुने मुख्य स्थानः
४. सञ्चालन गर्ने सेवाको किसिमः
५. सवारीधनी/साझेदार/सञ्चालक (मुख्य व्यक्ति) को नाम, थर र दर्जाः
६. ठेगानाः

........................... ...........................

मुख्य व्यक्तिको दस्तखत  कार्यालय प्रमुखको दस्तखत





प्रमाणिकरण मितिः-२०७९।०५।२३

आज्ञाले,
कमलराज ढकाल
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५२।-